# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १३ | अंक १०३ | काठमाडौं | मंगलबार, १९ साउन २०८३ | Prabhab National Daily | Tuesday, 04 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


### संकल्प नेपालको भवनमा करोडौं हिनामिना प्रकरण

## अख्तियारमाथि नै उठ्यो प्रश्न उपसमिति बनाउन माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले काठमाडौंको शंखरापुर नगरपालिकास्थित साँखुमा संकल्प ज्येष्ठ नागरिकग्राम निर्माणका क्रममा भएको अनियमितताको छानबिन गर्न संसदीय उपसमिति बनाउनुपर्ने माग गरेका छन् । आइतबार प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सांसदहरूले इन्द्रायणीस्थित साँखुमा बनेको संकल्प नागरिकग्राम निर्माणको क्रममा भएको अनियमितताबारे परेको उजुरीमाथि छलफल गर्दै यस्तो माग गरेका हुन् ।

प्रतिनिधिसभा सदस्य खुस्बु ओलीले भवन नै गायब भएको सुनिएकोले यस्तो विषयमा उपसमिति बनाएर भए पनि अनुसन्धान गर्नुपर्ने बताइन् । 'यसमा बेथिति भएको प्रस्ट देखिन्छ । संकल्प नेपालको तर्फबाट टिपोटमात्र आएको भन्ने छ । अडिट, अग्रिमेन्ट होला,' ओलीले भनिन्, 'यसमा अनुसन्धान हुनुपर्छ । धेरै समय नलगाई उपसमिति वा अनुसन्धान समिति गठन गरौं ।'

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का सांसद वर्षमान पुनले उजुरीका आधारमा इन्द्रायणीमा भोगाधिकार दिइएको जग्गामा सरकारी बजेट लगेर अनियमितता भएको देखिएकाले उपसमिति गठन गरेर छानबिन गरिनुपर्ने बताए । 'पाटन उच्च अदालतमा मुद्दा पनि परेको देखिन्छ । यसको फैसलामा संकल्प नेपालले हामीले निर्माण गरिसक्यौ भन्ने कुरा गर्छ । मन्त्रालयसँग के छ ? अख्तियारले पनि छानबिन गर्दैनौ भन्ने छ । पाटन उच्च अदालतले पनि भ्रष्टाचारसम्बन्धी छानबिन गर्ने अख्तियार हो भन्ने छ,' पुनले भने, 'उजुरी परिसकेपछि यसको विवरण मागेर के कारबाही गर्नका लागि उपसमिति गठन गर्नुपर्छ ।' अदालतले रिट नै खारेज गरेको अवस्थामा अख्तियारको कामबारे समितिले बुझ्नुपर्ने पुनले बताए ।



यसमा बेथिति भएको प्रस्ट देखिन्छ । संकल्प नेपालको तर्फबाट टिपोटमात्र आएको भन्ने छ । अडिट, अग्रिमेन्ट होला । यसमा अनुसन्धान हुनुपर्छ । धेरै समय नलगाई उपसमिति वा अनुसन्धान समिति गठन गरौं ।

**खुस्बु ओली**
प्रतिनिधिसभा सदस्य



पाटन उच्च अदालतमा मुद्दा पनि परेको देखिन्छ । यसको फैसलामा संकल्प नेपालले हामीले निर्माण गरिसक्यौ भन्ने कुरा गर्छ । मन्त्रालयसँग के छ ? उजुरी परिसकेपछि यसको विवरण मागेर के कारबाही गर्नका लागि उपसमिति गठन गर्नुपर्छ ।

**वर्षमान पुन**
प्रतिनिधिसभा सदस्य



राज्यको सबै संयन्त्र मिलेर यति ठूलो भ्रष्टाचार भएको छ । भ्रष्टाचार अनुसन्धान गर्ने निकायहरूले किन काम गरेन यसको बारेमा अख्तियारसँग सोधपुछ गरौं ।

**गणेश पराजुली**
प्रतिनिधिसभा सदस्य

सांसद गणेश पराजुलीले महालेखापरीक्षकको कार्यालयको ५९औं प्रतिवेदनले तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट छुट्याएको छ करोड १० लाख रूपैयाँ बेरुजु देखाएको र यस घटनाको छानबिन गरी बजेट फिर्ता ल्याउन भनेकाले यसको कार्यान्वयन हुनुपर्ने माग राखे । 'संकल्प नेपालको विषयमा २०७८ सालमा अख्तियारमा उजुरी परेको छ । त्यो उजुरी अघि बढेन । २०७७ माघमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री हुँदा उहाँ महिला आयोगको अध्यक्ष हुनुभयो । हाल पनि बहाल हुनुहुन्छ,' सांसद पराजुलीले भने, '२०७९ सालमा नै भ्रष्टाचार भएको प्रतिवेदनमा छ । पैसा फिर्ता गर्नु भनेर । यसको छानबिन कहाँ पुगेको छ ?'

यस विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको विषयलाई बेवास्ता गरी संकल्प नेपालका अध्यक्ष कमलाकुमारी पराजुलीलाई तत्कालीन सरकारले राष्ट्रिय महिला आयोगको अध्यक्ष नियुक्त गरेकामा उनले आपत्ति जनाए । 'राज्यको सबै संयन्त्र मिलेर यति ठूलो भ्रष्टाचार भएको छ । भ्रष्टाचार अनुसन्धान गर्ने निकायहरूले किन काम गरेन यसको बारेमा अख्तियारसँग सोधपुछ गरौं,' पराजुलीले भने ।

संकल्प नेपालको भवन बनाउन भन्दै राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीले सरकारको ढुकुटीबाट पटक-पटक गरी सात करोड रूपैयाँ लिएको आरोप छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## 'सुशासन'को परीक्षामा वालेन्द्र सरकार : नियुक्तिमै देखियो स्वार्थको द्वन्द्व



- एक हजार ५३४ पदाधिकारी हटाएको वालेन्द्र सरकारको नियुक्तिमै विवाद
- त्रिवि, एनटिए, एनएसी, बिमा बोर्डलगायतका नियुक्ति विवादित
- राजनीतिक निकटता र स्वार्थको द्वन्द्वको आरोप
- कानुन र प्रक्रिया मिचिएको भन्दै प्रमुख प्रतिपक्षी कांग्रेसद्वारा सरकारको आलोचना
- वालेन्द्र सरकार 'सेलेक्टिभ मेरिट'को अभ्यासमा



खासमा हुनुपर्ने ओपन मेरिट हो । तर, वालेन्द्र सरकारको रूचि त्यसमा देखिएन । सेलेक्टिभ मेरिटको अभ्यासमा गयो ।

**शारदाप्रसाद त्रिताल**
पूर्वसचिव



सरकारले गर्ने केही नियुक्ति राजनीतिक विश्वासमा हुन्छ, कतिपय त्यस्तो हुनु स्वाभाविक हुन्छ र त्यसलाई अनर्थ मान्नु हुँदैन ।

**इन्दिरा राना मगर**
सांसद, रास्वपा

■ जेबी योञ्जन

**काठमाडौं–** पुराना राजनीतिक नियुक्ति हटाएर निकट व्यक्तिलाई सार्वजनिक निकायमा नियुक्त गरेको भन्दै वालेन्द्र सरकार आलोचित हुँदै गएको छ । जेन-जी विद्रोह र गत वर्ष भएको प्रतिनिधिसभा निर्वाचनको जनादेश नातावाद र स्वार्थको द्वन्द्व देखिने व्यक्तिलाई सार्वजनिक नियुक्ति नदिनू भन्ने रहे पनि त्यसविपरीत वालेन्द्र सरकार अघि बढेको हो ।

गत वर्षको १३ चैतमा वालेन्द्र सरकार गठनलगत्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले राजनीतिक नियुक्तिको पुरानो संस्कार अन्त्य गर्ने घोषणा गरेका थिए । लगत्तै वालेन्द्र सरकारले सार्वजनिक गरेको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची'मा पनि खुला प्रतिस्पर्धा, योग्यता र पारदर्शिताका आधारमा नियुक्ति गर्ने प्रतिबद्धता थियो ।

त्यसकै लागि १२ चैत २०८२ अघि नियुक्त भएका एक हजार ५३४ पदाधिकारीलाई अध्यादेशमार्फत वालेन्द्र सरकारले हटायो । सार्वजनिक संस्थान, विश्वविद्यालय, बोर्ड, समिति र आयोगका पदाधिकारी एकैपटक पदमुक्त भए । कसको कार्यसम्पादन कस्तो थियो भन्ने मूल्यांकन गरिएन । सबैलाई एउटै निर्णयबाट हटाइयो । त्यसपछि सरकारले आफ्ना नियुक्ति सुरु गर्‍यो । तर, धेरै नियुक्तिमा राजनीतिक निकटता, स्वार्थको द्वन्द्व र मेरिटभन्दा पहुँच हाबी भएको भन्दै प्रश्न उठिरहेको छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलले सरकारले सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा सिफारिसलगायतका निर्णय गर्दा कानुन र स्थापित विधिलाई तोडेको आरोप लगायो । दलका नेता भीष्मराज आङ्देम्बेको अध्यक्षतामा बसेको बैठकले वालेन्द्र सरकारलाई सचेत गराउने निर्णय पनि गरेको छ ।

निर्णयमा भनिएको छ, 'नेपाल सरकारले गरेका कतिपय निर्णयहरू संविधानको मर्म, भावना र विधिविपरीत भएको हुँदा गलत ढंगले विभिन्न सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा सिफारिसलगायतका निर्णयहरू सच्याइ विधि र प्रक्रियालाई कानुनसम्मत पालना गर्न नेपाल सरकारलाई सचेत गराउँदछ ।'

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

### मलेसिया रोजगारीमा 'सिण्डिकेट'को हल्ला

## एकाधिकार लागू नहुने मन्त्रालयको प्रस्टीकरण, व्यवसायी अझै सशंकित

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसिया रोजगारीमा सिण्डिकेट (एकाधिकार) लगाउन मन्त्रालय संलग्न रहेको भन्ने हल्लाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा निश्चित वैदेशिक रोजगार व्यवसायीलाई मात्र फाइदा पुग्नेगरी एकाधिकार ल्याउन मन्त्रालयलेसमेत चलखेल गरेको भन्ने समाचारमा कुनै सत्यता नरहेको सोमबार प्रेस विज्ञप्तिमार्फत मन्त्रालयले प्रस्टीकरण दिएको हो ।

मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जारी गरेको विज्ञप्तिमा मन्त्रालय वैदेशिक रोजगारलाई श्रमिकमैत्री बनाउने विषयमा प्रतिबद्ध रहेको र कुनै पनि किसिमको एकाधिकार हुन नदिन सचेत रहेको उल्लेख गरिएको छ । 'मन्त्रालय सदैव वैदेशिक रोजगारलाई स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी र श्रमिकमैत्री बनाउने विषयमा प्रतिबद्ध छ । कुनै पनि किसिमले प्रतिस्पर्धालाई सीमित तुल्याउने र सीमित व्यवसायीहरूको एकाधिकार हुन नदिन मन्त्रालय सदैव सचेत एवं क्रियाशील रहेको छ,' विज्ञप्तिमा भनिएको छ ।



हामीले सरकारलाई विज्ञप्ति निकाल्न बाध्य बनायौं । सरकार यसको पक्षमा छैन भन्नेबित्तिकै बिचौलियाहरूको चलखेल न्यूनीकरण हुन्छ ।

**डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



कुनै पनि किसिमले प्रतिस्पर्धालाई सीमित तुल्याउने र सीमित व्यवसायीहरूको एकाधिकार हुन नदिन मन्त्रालय सदैव सचेत एवं क्रियाशील रहेको छ ।

**पिताम्बर घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय

मलेसियाको रोजगारीमा एकाधिकार कायम गर्ने आसयका कुनै किसिमको आधिकारिक जानकारी प्राप्त नभएको पनि मन्त्रालयले स्पष्ट पारेको छ । हाल मन्त्रालय विभिन्न नीतिगत, कानुनी र प्रक्रियागत पक्षमा सुधार गर्दै सूचना प्रविधिको अधिकतम उपयोग गरी सेवाप्रवाहलाई चुस्त बनाउनमा केन्द्रित भएको अवस्थामा यसलाई ओझेलमा पार्ने गरी भ्रम फैलाउने कार्य भएकाले त्यसमा विश्वास नगर्न अनुरोध गरिएको छ ।

### सरकारको योजनामा घुस्न खोज्दै 'टियुआरएपी'

हाल नेपालबाट मलेसिया जाने श्रमिकले पाँच लाख रूपैयाँसम्म तिर्नुपर्ने बाध्यता छ । पछिल्लो समय मलेसिया सरकार रोजगारीमा आउने श्रमिकहरू नैतिक भर्नामार्फत आउन् भन्ने पक्षमा रहेको बुझिएको छ । सरकारको उक्त योजनामा 'द युनिभर्सल रिक्रुटमेन्ट एड्भान्स्ड प्याटफर्म' (टियुआरएपी) नामक संस्था घुस्न खोजिरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए ।

'मलेसिया सरकारले श्रमिकहरू शोषणमा नपरून्, यहाँ आउने नैतिक भर्नामार्फत आउन् भन्ने चासो राखेको छ । त्यो चासोलाई टियुआरएपी भन्ने संस्थाले डिजिटल्ली कन्ट्रोल गर्न प्रस्ताव गरेको छ,' उनले भने, 'जुनसुकै विषयमा डिजिटल कन्ट्रोल गर्न आएका एकाधिकार नियन्त्रणमुखी हुन्छन् । खास सिण्डिकेटमा लागेका २० देखि २५ व्यवसायी हुन् । तर तिनीहरूलाई मात्र एक्सेस हुनेगरी भोलि नियन्त्रण गर्छन् ।'

मलेसियाले बिचौलियाविना प्रत्यक्ष विदेशी कामदार भर्ना गर्न नयाँ डिजिटल भर्ती प्लेटफर्म सुरु गर्ने योजना बनाइरहँदा भर्ना प्रक्रियाका लागि प्रस्ताव गरिएको संस्थाको भूमिका शंकास्पद मानिएको उनको भनाइ छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### दुर्गा प्रसाईंको पक्राउ-रिहाइ शृंखला

## अदालतले दिएन हिरासतमा राख्ने अनुमति

- सार्वजनिक शान्ति विरूद्धको कसुरमा आइतबार राति पक्राउ परेका मेडिकल व्यवसायी तथा राजावादी अभियन्ता दुर्गा प्रसाईं सोमबार रिहा
- प्रसाईंविरूद्धको अनुसन्धान जारी रहने भक्तपुर प्रहरी प्रमुख एसपी सूर्य खड्काको भनाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** सार्वजनिक शान्तिविरुद्धको कसुरमा आइतबार राति पक्राउ परेका मेडिकल व्यवसायी तथा राजावादी अभियन्ता दुर्गा प्रसाईं सोमबार रिहा भएका छन् । जिल्ला अदालत भक्तपुरले सोमबार उनलाई हिरासतमा राख्न अनुमति नदिपछि रिहा भएका हुन् । उनलाई थुनाबाहिरै राखेर अनुसन्धान गर्न अदालतले आदेश दिएको छ ।

प्रहरीले प्रसाईंविरुद्ध राज्यविरुद्धको कसुर, सार्वजनिक शान्तिविरुद्धको कसुर र विद्युतीय कारोबार ऐनअन्तर्गत अनुसन्धान गर्न सात दिनको म्याद मागेको थियो । तर, अदालतले हिरासतमा राख्न आवश्यक नदेखाउँदै थुनाबाहिरै अनुसन्धान गर्न आदेश दिएको हो ।

भक्तपुरका प्रहरी प्रमुख (एसपी) सूर्य खड्काले अदालतबाट म्याद नपाए पनि प्रसाईंविरुद्धको अनुसन्धान भने जारी रहने बताएका छन् । उता, गैरकानुनीरूपमा थुनामा राखिएको दाबी गर्दै उनकी पत्नी उमा प्रसाईंले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट पनि दायर गरेकी थिइन् ।

आइतबार राति भक्तपुरस्थित आफ्नै निवासबाट पक्राउ परेका प्रसाईं पछिल्ला केही वर्षमा १० औं पटक प्रहरी नियन्त्रणमा पुगे । वालेन्द्र शाह नेतृत्वको सरकार बनेयता मात्र उनी तेस्रो पटक पक्राउ परेका हुन् । यसअघि उनी सुशीला कार्की नेतृत्वको सरकारको पालामा चारपटक र केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा तीनपटक पक्राउ परेका थिए ।

पछिल्ला वर्षहरूमा प्रसाईंको पक्राउ सामान्यजस्तै बनेको छ । उनी कहिले घरबाट, कहिले विमानस्थलबाट, कहिले पोखरा, वीरगञ्ज वा अन्य स्थानबाट पक्राउ पर्ने गरेका छन् । तर, अधिकांश घटनामा अदालतले धरौटी, साधारण तारेख वा हाजिरी जमानीमा रिहा गर्दै आएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## 'सुशासन'को...

यसबीचमा वालेन्द्र सरकारले पूर्वसचिव किशोर थापालाई त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष नियुक्त गऱ्यो । अध्यक्षका लागि सार्वजनिक आवेदन मागिएन । थापा २०७४ सालमा काठमाडौं महानगरको मेयर उम्मेदवार बनेका व्यक्ति हुन् । उनी रास्वपानिकट हुन् । त्यही भएर उनको नियुक्ति निकै विवादित बन्यो ।

तैपनि सरकारले सात विश्वविद्यालयमा उपकुलपति नियुक्त गऱ्यो । सबै उपकुलपति पुरुष छन् । कुनै महिलाले अवसर पाएनन् । कतिसम्म भने उम्मेदवारको प्राप्तांक र छनोटको आधार सार्वजनिक गरिएन । त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा भोला थापा नियुक्त भए । उनी यसअघि पनि सरकारबाट नियुक्त भएका व्यक्ति हुन् ।

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा अर्जुन घिमिरे नियुक्त भए । अन्तर्वार्ता चलिरहेकै बेला मन्त्रिपरिषद्ले नियुक्ति निर्णय गऱ्यो ।

प्रक्रिया पूरा नहुँदै निर्णय भएको भन्दै अहिले पनि विरोध भइरहेको छ ।

नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्षमा महेश्वरभक्त श्रेष्ठ नियुक्त भए । मन्त्रालयको मापदण्डमा ६५ वर्ष उमेर ननाघेको हुनुपर्ने उल्लेख छ । तर, करिब ८० वर्षका श्रेष्ठ नियुक्त भए । यसअघि उनको नियुक्ति सर्वोच्च अदालतले बदर गरेको थियो ।

निजामती कर्मचारी अस्पतालको कार्यकारी निर्देशकमा डा. जितेन्द्र परियार नियुक्त भए । उनी विगतमा नेपाल मेडिकल काउन्सिलको कारबाहीमा परेका थिए । सरकारले त्यो अभिलेख कसरी मूल्यांकन गऱ्यो भन्ने खुलाएको छैन । स्वास्थ्य बिमा बोर्ड सदस्यमा पनि विवाद भएको थियो । तत्कालीन श्रममन्त्री दीपककुमार साहकी पत्नी जुनु श्रेष्ठलाई फेरि बोर्ड बैठकमा सहभागी गराइयो । आलोचना बढेपछि मन्त्री साह नै पदमुक्त भए ।

बिमा बोर्डकै अध्यक्षमा रास्वपाका पूर्वस्वास्थ्यविज्ञ सल्लाहकार डा. सुवास प्याकुरेल नियुक्त भए । उनी पूर्वसल्लाहकार भएकाले निष्पक्षतामाथि प्रश्न उठ्यो ।

प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन व्यञ्जनकारका परिवारका सदस्यले पनि नियुक्ति पाए । सिद्धिलक्ष्मी व्यञ्जनकार पञ्चांग निर्णायक विकास समितिको सदस्य बनिन् । उनका भाइ सिद्धि व्यञ्जनकार शिक्षा मन्त्रालयको प्रमुख सल्लाहकार नियुक्त भए ।

नेपाल स्काउटका प्रमुख आयुक्तमा सन्तोषकुमार थापा नियुक्त भए । उनी प्रधानमन्त्री शाहसँग निकट मानिन्छन् । रास्वपाको चुनावी अभियानमा पनि सक्रिय थिए । रास्वपा सांसद राजीव खत्री र प्रमुख सल्लाहकार कुमार बेनसँग उनको निकट सम्बन्ध रहेको चर्चा छ ।

गोरखापत्र संस्थानको महाप्रबन्धकमा हिक्मतबहादुर रावल नियुक्त भए । उनी रास्वपा सभापति रवि लामिछानेका पूर्वसहकर्मी हुन् । प्राप्तांक र छनोटको आधार सार्वजनिक गरिएको छैन । सार्वजनिक सेवा प्रसारण नेपालको सञ्चालक सदस्यमा उर्वशी बस्न्यात नियुक्त भइन् । उनी सञ्चार क्षेत्रमै आबद्ध रहेकै अवस्थामा नियुक्त भएको भन्दै कानुनी प्रश्न उठेको छ । सञ्चारमन्त्री विक्रम तिमिल्सिनासँगको पुरानो सहकर्मी सम्बन्ध पनि चर्चामा छ ।

अर्थ मन्त्रालयको सिफारिसमा राष्ट्रिय वाणिज्य बैंकको सञ्चालकमा आस्था भट्ट नियुक्त भइन् । उनी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग सम्बन्धित आइआइडिएसमा कार्यरत थिइन् । अर्थमन्त्रीले सिद्धार्थ बैंकका सञ्चालक भोजन अर्याललाई अवैतनिक राजस्व सल्लाहकार पनि नियुक्त गरेका छन् । दुवै नियुक्तिमा स्वार्थको द्वन्द्वबारे प्रश्न उठेको छ ।

सरकारले हटाएका सुरक्षा मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानालाई दुई महिनामै फेरि त्यही पदमा नियुक्त गऱ्यो । हटाउँदा अयोग्य ठानिएका व्यक्ति फेरि कसरी योग्य भए भन्ने प्रश्न उठेको छ ।

सरकार भने सबै नियुक्ति योग्यता र क्षमताका आधारमा भएको दाबी गर्छ । रास्वपाका सांसद इन्दिरा राना मगर केही पद राजनीतिक विश्वासका आधारमा नियुक्त हुने बताउँछिन् । उनले प्रभावसँग भनिन्, 'सरकारले गर्ने केही नियुक्ति राजनीतिक विश्वासमा हुन्छ, कतिपय त्यस्तो हुनु स्वाभाविक हुन्छ र त्यसलाई अनर्थ मान्नु हुँदैन ।'

तर, पूर्वसचिव शारदाप्रसाद त्रिताल भने वालेन्द्र सरकार 'सेलेक्टिभ मेरिट'मा गएको बताउँछन् । 'खासमा हुनुपर्ने ओपन मेरिट हो । तर, वालेन्द्र सरकारको रुचि त्यसमा देखिएन । सेलेक्टिभ मेरिटको अभ्यासमा गयो,' उनले भने ।

सरकारले पुरानो राजनीतिक नियुक्तिको अन्त्य गर्ने वाचा गरेको थियो । तर, पुरानालाई हटाएर आफ्ना निकट व्यक्तिलाई नियुक्त गरेको घटनाले सरकारकै मेरिट र सुशासनको दाबीमाथि प्रश्न उठाएको छ ।

■■■

## अख्तियारमाथि...

साँखुमा सरकारले उपलब्ध गराएको २० रोपनी जग्गामा ज्येष्ठ नागरिक गृह बनाउने भन्दै संकल्प नेपालको नाममा आर्थिक वर्ष ०७१/७२ बाट रकम निकासा सुरू भएको थियो । उक्त वर्ष दुई करोड १० लाख रूपैयाँ रकम निकासा भएकोमा दोस्रो आर्थिक वर्ष ०७२/७३ मा पनि दुई करोड १० लाख रूपैयाँ रकम निकासा भएको थियो । प्रत्येक वर्ष दुई करोड रूपैयाँ बुझेकी पराजुलीले ज्येष्ठ नागरिक गृह बनाउने नाममा राज्यका नियामक निकायका आँखामा छारोमात्र हाल्ने काम गरेको सांसद्हरूको आरोप छ । पराजुली तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा महिला आयोगको अध्यक्षमा नियुक्त भएकी थिइन् ।

सांसद महेन्द्रबहादुर शाहीले महालेखाले भनेअनुसार रकम किन असुलउपर भएन भन्नेबारे अध्ययन गरिनुपर्ने बताए । सांसद क्रान्तिशिखा धितालले सरकारले भोगाधिकार दिएको जग्गामा सरकारी बजेट लगेर दुरूपयोग भएको देखिएकाले उपसमिति बनाएर छानबिन गरी दोषीलाई कारबाहीका लागि प्रक्रिया अघि बढाउनुपर्ने बताइन् ।

बैठकमा महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णबहादुर राउतले इन्द्रायणी घटनाका विषयमा जानकारी गराएको थिए । पराजुली अध्यक्ष रहेको संकल्प नेपालले ज्येष्ठ नागरिकको सर्वोत्तम हितका लागि भन्दै सानो 'अपार्टमेन्ट', एकल तथा दोहोरो शयचा, डोर्मिटरी (धेरैजना एकत्र भएर सुत्न वा बस्न मिल्ने साझा कोठा) सेवा, मनमोहन स्मृति उद्धार केन्द्र, हस्पिटल सेवा, पाहुना घर, दिवा सेवा केन्द्र, मनोसामाजिक विमर्श केन्द्र, कानुनी परामर्श र सहयोग केन्द्र, स्रोत केन्द्र सञ्चालन गर्ने उद्देश्यले संकल्प ज्येष्ठ नागरिकग्रामको भवन निर्माण गर्ने भनी छ करोड १० लाख रूपैयाँ सरकारी बजेट लगेको थियो ।

समिति सभापति भरतबहादुर खड्काले यस विषयसँग सम्बन्धित निकायबाट कागजात मगाएर अध्ययन गर्न छानबिन उपसमिति बनाउने गरी अघि बढिने जानकारी दिए । यस सम्बन्धमा उच्च अदालत पाटनमा मुद्दा परी आदेश भएकाले त्यससम्बन्धी कागजात पनि मगाइने खड्काले बताए ।

■■■

## एकाधिकार लागू...

अध्यक्ष खत्रीका अनुसार उक्त संस्था श्रम उद्योगका प्रभावशाली तथा विवादित व्यक्ति बंगाली मुलका मलेसियन नागरिक डाटुक सेरी अमिनुल इस्लाम अब्दुल नोरको संस्था बेस्टिनेट एसडिएन बिएचडीले विकास गरेको श्रम प्रणाली हो । विवादित व्यक्तिले सञ्चालन गरेको कम्पनीलाई भर्ना प्रक्रियामा समावेश गराउँदा एकाधिकार कायम हुने भन्दै व्यवसायीहरूले विरोध जनाउँदै आएका छन् ।

व्यवसायीहरूका अनुसार मलेसियाको श्रमिक भर्ना प्रक्रियामा एकाधिकार लागू गर्न खोजिएको यो चौथो प्रयास हो । हालको चलखेलअघि मलेसियाको परराष्ट्र मन्त्रालयले गत अक्टोबर २७ तारिखमा नेपाली दूतावासलाई १० बुँदे मापदण्ड पठाउँदै पत्र लेखेको थियो । त्यसअघि सन् २०२५ मा मलेसियाको 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्लुसिएमएस)ले ई-एम्बेसी, ई-रिक्रुटमेन्ट र बायोमेडिकल नामक तीनवटा मोड्युल कार्यान्वयनमा ल्याउन खोजेको थियो । त्यसैगरी सन् २०१७ मा बंगलादेशमा सिण्डिकेट लगाइँदा नेपालमा पनि यसको प्रयास भएको बताइन्छ ।

मलेसियासँगको श्रम सम्झौता नवीकरण सन् २०२३ यता हुन सकेको छैन । एकाधिकारलाई वैधानिकता प्रदान गर्न समझदारीपत्र (एमओयू)मासमेत प्रवेश गराउने प्रयास भइरहेको व्यवसायीको आरोप छ । मलेसियामा शक्तिमा रहेका व्यक्तिलाई प्रभावमा पारेर बिचौलियाहरूले एकाधिकार कायम गर्न विभिन्न अवधारणा ल्याउने गरेको बताइन्छ । सरोकारवालासँगको छलफलविना श्रम गन्तव्यबाट आएका कुनै पनि निर्णयलाई सरकारले स्वीकार गर्न नहुने अध्यक्ष खत्रीले बताए । सरकारले एकाधिकार मान्दैनौं भनेर जारी गरेको विज्ञप्तिले पनि चलखेल न्यूनीकरण गर्न सघाउने उनको भनाइ छ ।

'व्यवसायीहरूले सरकारलाई विज्ञप्ति निकाल्न बाध्य बनायौं । त्यो विज्ञप्ति सम्बन्धित ठाउँमा पुगिसक्यो । सरकार यसको पक्षमा छैन भन्नेबित्तिकै उनीहरूको चलखेल न्यूनीकरण हुन्छ,' खत्रीले भने ।

मलेसियामा हाल तीन लाखभन्दा बढी नेपाली कार्यरत छन् । नेपालीहरू विशेषगरी सुरक्षा गार्ड, प्यान्टेसनलगायतका क्षेत्रमा जाने गरेका छन् । हाल आंशिकरूपमा खुलेको मलेसियाको रोजगारी पूर्ण खुल्ने तयारी भइरहँदा विभिन्न चलखेल भइरहेको भन्दै व्यवसायीहरूले त्यसविरुद्ध खबरदारी गरिरहेका छन् ।

■■■

## दुर्गा प्रसाईं...

उनीविरुद्ध हालसम्म गम्भीर प्रकृतिको अभियोगमा अन्तिम फैसला भएको छैन । यसपटक पक्राउ हुनुअघि आइतबार दिउँसो आयोजित पत्रकार सम्मेलनमा प्रसाईंले राजसंस्था पुनःस्थापना र हिन्दू राष्ट्र घोषणाका लागि आन्दोलन सुरु गर्ने घोषणा गरेका थिए । सोही कार्यक्रममा उनले सुनसरीमा भएको साम्प्रदायिक तनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केही नेताको संलग्नता रहेको दाबी गर्दै पोस्टर सार्वजनिक गरेका थिए । उक्त पोस्टरमा रास्वपा सभापति रवि लामिछानेसँग सम्पर्कमा रहेका तथा धनुषामा गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाउने व्यक्तिहरू रास्वपाकै नेता भएको दाबी गरिएको थियो ।

प्रसाईं विगतमा नेकपा एमाले र तत्कालीन माओवादीसँग निकट रहे पनि पछिल्ला केही वर्षयता राजसंस्था र हिन्दू राष्ट्र पुनःस्थापनाको अभियानमा सक्रिय छन् । उनी वर्तमान राजनीतिक व्यवस्था असफल भएको दाबी गर्दै अन्तिम समयसम्म संघर्ष गर्ने बताउने गरेका छन् । आफू गरिब, पीडित र सीमान्तकृत वर्गको पक्षमा लडिरहेको उनको दाबी छ ।

यद्यपि, उनीमाथि सामाजिक सञ्जालमार्फत अपुष्ट सूचना फैलाउने, आधारहीन आरोप लगाउने, भड्काउ अभिव्यक्ति दिने र साइबर अपराधसम्बन्धी कानुन उल्लंघन गर्ने आरोप लाग्दै आएको छ । आलोचकहरूले बैंक ऋण, मेडिकल व्यवसाय र मेडिकल कलेजको सम्बन्धनजस्ता आफ्ना स्वार्थका लागि आन्दोलन गरिरहेको आरोप पनि लगाउने गरेका छन् । प्रसाईं भने यस्ता आरोप अस्वीकार गर्दै आएका छन् ।


### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०६/११ मा प्रा.लि. नं. ३५२९८१ मा दर्ता भएको **माईन्डहब कन्सल्टिङ ग्रुप नेपाल प्रा. लि.** को मिति २०८३/०४/१७ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर**: नारायण प्रसाद रेग्मी (इजाजत नं.६१८)
शंखमुल, काठमाडौं, फोन नं.: ९८५११९०७९४

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१९ गते**

यस कम्पनीको मिति २०८३/०४/०३ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शिवाय सिमेन्ट प्रा.लि.**को नाम परिवर्तन गरी **रुद्र शक्ति सिमेन्ट (दर्ता नम्बर ३८४३४३)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/१३ मा प्रा.लि. नं. २३१३३६ मा दर्ता भएको **पि. एण्ड. आर. इमिग्रेशन सर्भिस प्रा. लि.** को मिति २०८३/०४/१७ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर**: नारायण प्रसाद रेग्मी (इजाजत नं.६१८)
शंखमुल, काठमाडौं, फोन नं.: ९८५११९०७९४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०९/२३ मा दर्ता भएको प्रा.लि.नं.१४३५४३ को **रूप ब्रदर्स** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१९ गते**

यस कम्पनीको मिति २०८३/०३/३२ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शिवाय इन्फ्राट्रेड प्राइभेट लिमिटेड प्रा.लि.**को नाम परिवर्तन गरी **काबेली सिमेक्स (दर्ता नम्बर ३८४३४४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१९ गते**

यस कम्पनीको मिति २०८३/०४/३२ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **बजरंग होल्डिंग्स प्रा.लि.**को नाम परिवर्तन गरी **बिनायक इन्फ्रा ट्रेड (दर्ता नम्बर ३९५२७४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Care Professional Service Pvt.Ltd.** (ई.प.नं. १३०८/०७४/०७५) मा कार्यरत मेख बहादुर गुरूङ (ना.प्र.प्र.नं. १०७८) यही मिति २०८३/०४/१८ गतेदेखि यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Care Professional Service Pvt.Ltd.**
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4517143, 4517142, E-mail: info@careprofessional.com.np
श्रम ईजाजत नं. १३०८/०७४/०७५

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०५/०२ मा दर्ता भएको प्रा.लि.नं. २२१६४७ को **लक्ष्मी कालिका निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१९**

यस देउताखोला सा.व.उ.स. हरिहरपुर गढी गा.पा.-०७, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को नियमानुसार कटान मुछान भइ उत्पादित खयर काठ समूहको ईनारटोलमा घाटगद्दीमा रहेको साल तथा असना जातको विभिन्न ग्रेडको गरी १५९ को २६३३.११ क्युफिट गोलिया काठ हाल जे जस्तो अबस्थामा छ । सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समूहको कार्यालयमा सूचना टाँस गरिएको छ ।

- **अध्यक्ष**
**देउता खोला सा.व.उ.स., हरिहरपुरगढी गा.पा-०७, सिन्धुली ।**

### शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१९**

यस महाकाली सा.व.उ.स. हरिहरपुर गढी गा.पा.-०७, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३को नियमानुसार कटान मुछान भइ उत्पादित खयर काठ समुहको वरूण घाटगद्दीमा रहेको साल जातको विभिन्न ग्रेडको गरी १०९को १३३७.९८ क्युफिट गोलिया काठ हाल जे जस्तो अबस्थामा छ । सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समूहको कार्यालयमा सूचना टाँस गरिएको छ ।

-**अध्यक्ष**
**महाकाली सा.व.उ.स., हरिहरपुरगढी गा.पा-०७, सिन्धुली ।**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १९ साउन, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ । |
| **वृष** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । लगानी गर्दा सोचविचार दिनुहोस् । |
| **मिथुन** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुने सम्भावना छ । स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस् । |
| **कर्कट** | अधुरा काम पूरा हुनेछन् । साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्ने दिन छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ । |
| **कन्या** | अध्ययन, अनुसन्धान तथा नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ । |
| **तुला** | दाम्पत्य तथा पारिवारिक सम्बन्धमा मधुरता आउनेछ । यात्राको सम्भावना देखिन्छ । |
| **वृश्चिक** | मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ । |
| **धनु** | नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा । खर्च बढ्न सक्ने भएकाले सावधानी अपनाउनुहोस् । |
| **मकर** | व्यवसाय र जागिरमा सकारात्मक प्रगति हुनेछ । स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ । |
| **कुम्भ** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | धैर्य र संयमले सफलता दिलाउने दिन छ । पुरानो समस्या समाधानतर्फ अघि बढ्ने संकेत छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ साउन, २०८३ (०४ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.३२ | १५२.९२ |
| युरो | १ को | १७५.५९ | १७६.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.३५ | २०६.१६ |
| स्विस फ्रैन्क | १ को | १८८.६२ | १८९.३६ |
| अस्ट्रेलियन डलर | १ को | १०६.९७ | १०७.४० |
| क्यानाडियन डलर | १ को | १०८.६५ | १०९.०८ |
| सिङगापुर डलर | १ को | ११८.७९ | ११९.२६ |
| जापानी येन | १० को | ९.६७ | ९.७० |
| चिनियाँ युआन | १ को | २२.५६ | २२.६५ |
| साउदी अरब रियाल | १ को | ४०.५६ | ४०.७२ |
| कतारी रियाल | १ को | ४१.८२ | ४१.९८ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४७ | ४१.६३ |
| मलेसियन रिङेट | १ को | ३७.२७ | ३७.४२ |
| दक्षिण कोरियन वन | १०० को | १०.५६ | १०.६० |
| स्विडिस क्रोनर | १ को | १६.०० | १६.०६ |
| डेनिस क्रोनर | १ को | २३.५१ | २३.६० |
| हङकङ डलर | १ को | १९.४२ | १९.५० |
| कुवेती दिनार | १ को | ४९५.०३ | ४९६.९८ |
| बहराइन दिनार | १ को | ४०३.९८ | ४०५.५७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

साउनको तेस्रो सोमबार

# पशुपतिनाथसहित देशभरका शिवालयमा दर्शनार्थीको घुइँचो



**काठमाडौँ–** यस वर्षको साउनको तेस्रो सोमबार लाखौं भक्तजनले पशुपतिनाथ मन्दिरमा पूजा, आराधना एवं दर्शन गरेका छन् । साउनको तेस्रो सोमबार साउन १८ गते बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा दर्शनार्थीको घुइँचो लागेको थियो । बेलुकी करिब ७:०० बजेसम्म पनि मन्दिरमा भक्तजनको लाम रहेको पशुपति क्षेत्र विकास कोषले जनाएको थियो ।

चान्द्रमासअनुसार सोमबार (हिजो) साउनको पहिलो सोमबार भएकाले पनि भक्तजन विगतका दुई सोमबारभन्दा बढी आएका छन् । बिहान ३:०० बजेदेखि पपशुपतिनाथ मन्दिरका चारै ढोका खोलिएका कोष सञ्चालक परिषद्का सदस्य केदारमान भण्डारीले जानकारी दिए । साउने झरीको पनि वास्ता नगरी भक्तजन बिहानैदेखि मन्दिरमा दर्शनका लागि आएका उनले बताए ।

सोमबार दिउँसोसम्म पानी परेकाले धेरै भक्तजन प्रभावित भएका भन्दै भण्डारीले आएका भक्तजन छाता ओढेर लाममा बसेका उल्लेख गरे । उनका अनुसार पशुपतिनाथको दर्शनमा आउने श्रद्धालु भक्तजनको सहज, सुरक्षित तथा व्यवस्थित दर्शन तथा विषेश पूजा व्यवस्थापनको प्रबन्ध मिलाइएको थियो ।

पहिलो र दोस्रो सोमबार साउन ४ र ११ गतेभन्दा साउन १८ गते पशुपति क्षेत्रमा थप सहज व्यवस्था गरिएको दर्शनार्थीले बताएका छन् । विगतका दुई हप्ता नभ्याएका साउने सोमबारका काम यस हप्ता भने पूरा गरिएको कोषले जनाएको छ ।

बिहानैदेखि सुन्दरीजलबाट शुद्ध जल ल्याएर पशुपतिनाथमा चढाउने भक्तजनको पनि घुइँचो थियो । बिहानै १०औं हजार बोलबम यात्रीले जल चढाएका छन् । बोलबम यात्रीका लागि विशेष व्यवस्था गरिएको कोषले जनाएको छ । यसैगरी विन्ध्यवासिनी आध्यात्मिक संस्थाले सोमबार पशुपतिनाथ मन्दिरमा दूध अर्पण गरेको छ ।

दर्शन व्यवस्थापनलाई थप प्रभावकारी, सुरक्षित र व्यवस्थित बनाउन कोषका सबै पदाधिकारी, कर्मचारीका साथै मन्दिर पहरा गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, ट्राफिक प्रहरी, काठमाडौं महानगर प्रहरी र विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाको विशेष सेवा एवं सहभागिता रहेको थियो ।

साउनको सोमबार पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आउने लाखौं श्रद्धालु भक्तजनलाई सहज, सुरक्षित, मर्यादित र व्यवस्थित वातावरणमा दर्शन र पूजा आराधना गराउने गरी व्यवस्था मिलाइएको कोषका सदस्यसचिव तीर्थ श्रेष्ठले जानकारी दिए । बिहान ३:०० बजेदेखि खुलेका मन्दिरका चार ढोका बेलुका आरती पछि ८:०० बजेसम्म भक्तजनका लागि खुला गरिएको हो । विशेष पूजा बिहान ८:३० बजेदेखि मध्याह्न १२:०० बजेसम्ममात्र भएको थियो ।

मन्दिर छिर्न चारवटा लाइनको व्यवस्था गरिएको कोष सञ्चालक परिषद्का सदस्य भण्डारीले जानकारी दिए । उनका अनुसार बिहानैदेखि भक्तजन आए पनि वर्षाका कारण लामो लाम भने थिएन । पशुपति क्षेत्रमा दर्शनार्थीका लागि प्राथमिक उपचारलगायत अत्यावश्यक सबै व्यवस्था गरिएको थियो । विभिन्न संस्थाले बिहानैदेखि निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेका थिए । महारुद्र परिवारले भने निःशुल्क स्वास्थ्य शिविरका भुवनेश्वरी मन्दिरअघि भक्तजनका लागि भण्डाराका व्यवस्था गरेको थियो ।

पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुर दरबार क्षेत्रको सानो पशुपतिनाथ भनेर चिनिने मक्खन महादेवलगायत राजधानीका ठूलासाना सबै शिव मन्दिरमा पनि भक्तजनको बिहानैदेखि घुइँचो लागेको जनाइएको छ । यसैगरी देशभरका साना, ठूला सबै शिवालयमा पनि भक्तजन पूजा आराधना एवं दर्शनका लागि लाइनमा बसेका थिए ।

राजधानी बाहिरका शिवालयमा सोमबार विगतका दुवै सोमबारभन्दा बढी भक्तजन आएको नागेश्वर तथा बाणेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रकाश रायमाझीले जानकारी दिए । *रासस*

# निःशुल्क सेवामा बिरामीको पहुँच सुनिश्चित गर्न सम्पर्क अधिकारी

■ प्रभाव संवाददाता

**काठमाडौँ–** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले १० प्रतिशत निःशुल्क स्वास्थ्य सेवा प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । मन्त्रालयले त्यस सन्दर्भमा देशभरका सेवाप्रदायक अस्पताल र जिम्मेवार सम्पर्क व्यक्तिको विवरणसमेत सार्वजनिक गरेको छ ।

मन्त्रालयले त्यससम्बन्धी सूची सार्वजनिक गर्दै निःशुल्क सेवामा बिरामीको पहुँच सुनिश्चित गर्न तथा गुनासो आए तत्काल समन्वय गर्न प्रत्येक अस्पतालका सम्पर्क अधिकारी तोकेको जनाएको छ । मन्त्रालयले सार्वजनिक गरेको विवरणमा संघीय, प्रादेशिक, सामुदायिक, शिक्षण तथा निजी अस्पताल समेटिएका छन् ।

मन्त्री निशा मेहताको सचिवालयका अनुसार प्रत्येक अस्पतालका फोकल पर्सनको नाम र फोन नम्बर राखिएको छ । जसबाट निःशुल्क उपचारसम्बन्धी समस्या आएमा बिरामी वा सेवाग्राहीले सीधै सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ ।

सचिवालयका अनुसार कार्यविधिले सुनिश्चित गरेको १० प्रतिशत निःशुल्क स्वास्थ्य सेवालाई व्यवहारमै कार्यान्वयन गराउन मन्त्रालयले निगरानी र समन्वयलाई थप कडाइ गरेको हो । मन्त्रालयले यसअघि नै निःशुल्क शयचा व्यवस्थापनका लागि अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ भने अस्पतालले आरक्षित शयचाको विवरण नियमित अद्यावधिक गर्नुपर्ने व्यवस्था लागू गरिसकेको छ ।

मन्त्रालयले सेवाग्राहीलाई आवश्यक परे सार्वजनिक गरिएको सम्पर्क विवरण प्रयोग गरी निःशुल्क उपचारसम्बन्धी जानकारी लिन, समस्या भए गुनासो गर्न तथा सेवा प्राप्तिमा समन्वय गर्न आग्रह गरेको छ ।

# डिजिटल हिंसा नियन्त्रण गर्न सबैको सहकार्यमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौँ–** महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले महिला, बालबालिकामाथि हुने डिजिटल हिंसा नियन्त्रण गर्न सबैको सहकार्य आवश्यक रहेको बताएकी छन् ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिमा सोमबार सामाजिक सञ्जालको अवस्थाबारे भएको छलफलमा मन्त्री वादीले सामाजिक सञ्जालको नियमन गर्नुपर्नेमा जोड दिइन् । उनले बालबालिका र महिला सबैभन्दा बढी डिजिटल हिंसामा पीडित भएका उल्लेख गर्दै साइबर ब्युरोलाई उजुरी प्रणाली सहज र प्रभावकारी बनाउन निर्देशनसमेत दिइन् ।

समितिकी सभापति आकृति अवस्थीले पछिल्लो समय डिजिटल हिंसा बढ्दो अवस्थामा रहेकाले साइबर सुरक्षाको दृष्टिलाई ध्यानमा राख्दै एकीकृत डिजिटल हिंसासम्बन्धी कानुन निर्माण गर्न आग्रह गरिन् । समाजिक सञ्जालको अवस्थाबारे गरिएको छलफलपश्चात् सभापति अवस्थीले भनिन्, 'डिजिटल हिंसाको अवस्था भयावह हुँदै गएको छ । यस्तो अवस्थामा एउटा एकीकृत कानुन आवश्यक छ ।' उनले कानुन मन्त्रालय, महिला मन्त्रालयलगायत सम्बन्धी मन्त्रालयहरूलाई उक्त सुझाव दिएकी हुन् ।

गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठले साइबर सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउनुका साथै डिजिटल साक्षरतासमेत बढाउनुपर्ने धारणा राखे । बैठकमा साइबर ब्युरोको प्रतिवेदनसमेत पेस गरिएको थियो ।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले साइबर सुरक्षाको अवस्था जटिल बन्दै गएको बताए । उनले साइबर अपराधको उजुरीलाई तत्काल सम्बोधन गर्न प्रर्याप्त स्रोतसाधान, जनशक्तिको व्यवस्था र ब्युरो चुस्त दुरुस्त बनाउनुपर्ने बताए । उनले भने, 'साइबर क्राइम न्यूनीकरण गर्न समयसापेक्षको कानुन निर्माण, प्रहरी संयन्त्र बलियो बनाउनुको साथै नागरिकस्तरको जनचेतना वृद्धि गर्नुपर्छ ।'

## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/३० मा दर्ता कायम भएको **जय मा मनकामना सप्लायर्स प्रा.लि.** (प्रा.लि.नं.२७१७४३/२०७८/०७९) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१७ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४**
**फोन नं.९८५१२१७००४**


## MRP मूल्य सूची

**Jyoti Trading House** द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyoti Trading House | 603711602 | Refrigerator | ASAN | ASIND 185-PCM-R | 185 Ltr | 29,256/- | |
| | | | Refrigerator | BG | BGIND185-PCM-R | 185 Ltr | 29,256/- | |

**Jyoti Trading House** | Kalimati, Kathmandu, Nepal, Phone No. : 01-4284654



## कतारमा रोजगार
कम्पनी : AL SAHID CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१८ | LT. No. 338349 | चलानी नं. ६०२५१८०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service agent | 2 | 0 | 2200 | ९२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Male hospital cleaner | 1 | 0 | 1100 | ४६,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74



## मलेसियामा रोजगार
कम्पनी : AERO GUARDS PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 331824 | चलानी नं. ६०२४५४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 56 | 0 | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १००००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. , E-mail: globaldynamics1594@gmail.com, Mob: 9806931497, 9744234691
श्रम इजाजत नं.१५१४/०७९/८०


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना १९ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय गोपिगञ्जबाट तपशिलमा उल्लेखित ऋणीले घर घडेरी कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

बेनी भरको नाति बाल कृष्ण भरको छोरा नवलपरासी जिल्ला जमुनिया वडा नं. ७ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. १ बस्ने **शम्भु प्रसाद राजभर** (ना.प्र.नं. : ५०६५० जारी मिति र जिल्ला : २०५८/०२/०९, नवलपरासी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सामीनाथ राजभरको छोरी बाल कृष्ण भरको बुहारी शम्भु प्रसाद राजभरको पत्नी नवलपरासी जिल्ला जमुनिया वडा नं. ७ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. १ बस्ने **जोगिता राजभर** (ना.प्र.नं. : ४२८२ जारी मिति र जिल्ला : २०६२/०९/२२, नवलपरासी)

२) वलविर कामीको नाति पुर्णवासी कामीको छोरा नवलपरासी जिल्ला जमुनिया गा.बि.स. वडा नं. ७ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. १ बस्ने **उमेश लाल विश्वकर्मा** (ना.प्र.नं. : ३६-०१-६८-००५७७ जारी मिति र जिल्ला : २०६८/१२/२९, नवलपरासी)

३) राम किसुन यादवको नाति रामा यादवको छोरा नवलपरासी जिल्ला जमुनिया वडा नं. ७ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. १ बस्ने **मुन्ना यादव** (ना.प्र.नं. : ३६३०५७/५१६ जारी मिति र जिल्ला : २०६३/११/०६, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :** मिति २०८१/१२/२० गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) |
|---|---|---|---|---|
| शम्भु प्रसाद राजभर | नवलपरासी जिल्ला जमुनिया वडा नं. ७ | ७ | ७०६ | ०-१०-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल भदौ महिना ८ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय गोपिगञ्ज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना ९ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय गोपिगञ्जमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## कुवेतमा रोजगार
कम्पनी : AL-CANADIAN UNITED COMPANY GENERAL TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०४/१३ | LT. No. 345844 | चलानी नं. ६०२५९२२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Building Cleaner | 100 | 0 | 100 | ४९,१०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga-9, Sinamangal, Chandrodaya Marga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

## कुवेतमा रोजगार
कम्पनी : MAJDI FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/१६ | LT. No. 345955 | चलानी नं. ६०२५९१६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labour/Helper | 13 | 0 | 100 | ४९,१०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Employment Link Nepal Pvt. Ltd.
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम इजाजत नं. २९९/०५८/०५९

## युएइमा रोजगार
कम्पनी : TAMOUH EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१८ | LT. No. 338076 | चलानी नं. ६०२५१५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 182 | 0 | 1000 | ४१,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएईमा रोजगार
कम्पनी : AL HANDASA AL ASPANIA GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१८ | LT. No. 318394 | चलानी नं. ६०२३२५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick layer | 7 | 0 | 1000 | ४१,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Friendship And Cooperation Recruitment Pvt.Ltd
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com
श्रम ईजाजत नं. १५८९/०७९/०८०

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# ग्यास वितरण प्रणालीलाई चुस्त बनाऊ

हिजोआज देशभरका ग्यास डिपोहरूमा खाना पकाउने एलपी ग्यास सिलिण्डर लिएर लाइन लाग्नेहरूको लाम देखिन्छ । खाली सिलिण्डर भर्ना नपाएर कतिले समयमा खान पाएका छैनन् । ग्यासको आपूर्ति गर्ने आधिकारिक संस्था नेपाल आयल निगम भने मुलुकमा ग्यासको कुनै अभाव नरहेको दाबी गरिरहेको छ । निगमले असार ३० यता भरी सिलिण्डर बजारमा ल्याएकोले केही दिन यस्तो रहने दाबी गरेको छ । उपभोक्ताले भने ग्यास नपाएर सास्ती बेहोरिरहेका छन् ।

अमेरिका–इजरायल र इरान युद्धपछि पेट्रोलियम पदार्थको अभाव हुँदा सरकारले गत फागुन २८ गते आधा सिलिण्डरमात्र ग्यास बजारमा ल्याएको थियो । त्यसयता बजारमा ग्यासको अभाव देखिएको थिएन । तर भरी सिलिण्डर बजारमा आएसँगै सर्वसाधारणले सिलिण्डर पाउन सास्ती खेपिरहेका छन् । विद्युतीय चुल्हो प्रयोगकर्ता बढे पनि अझै पनि काठमाडौंलगायत देशभरका सहरहरूमा खाना पकाउने ग्यास नागरिकको दैनिक जीवनसँग जोडिएको आधारभूत वस्तु हो ।

निगमले आधा सिलिण्डर बजारमा धेरै रहेकोले केही दिन यस्तो लाइन देखिने दाबी गर्दै ग्यासको अभाव नरहेको दाबी गरेको छ । तर ग्यास डिपो र उद्योगीकै मिलेमतोमा यस्तो अभाव सिर्जना गरिन्छ । बजारमा ग्यासको अभाव भएको भन्ने सानो हल्ला फैलिनासाथ उपभोक्ताहरू आवश्यकताभन्दा बढी सिलिण्डर स्टक गर्न थाल्छन् । जसले गर्दा एकैपटक बजारमा माग अस्वाभाविकरूपमा बढ्न पुग्छ ।  यही मौका छोपेर व्यापारी र बिचौलियाहरूले ग्यास कालोबजारी गर्ने, लुकाएर राख्ने गर्छन् ।

यस्तो समस्या नेपालमा पटक–पटक देखिँदै आएको छ । ग्यासकै लागि काम छाडेर लाइन लाग्नुपर्ने, ग्यासकै कारण खान नपाइएला कि भन्ने चिन्ता नेपालीले हरेक वर्ष भोग्दै आएका छन् । सुशासनको नारा बोकेर सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले यसबारे गम्भीर कदम चाल्नु आवश्यक छ । चुस्त आपूर्ति र पारदर्शी वितरणका लागि एउटा व्यवस्थित निकाय बनाउनुपर्छ ।

विद्युतीय चुलोलाई सर्वसुलभ बनाउँदै लगेमा ग्यासका लागि यसरी लामो लाइन लाग्नुपर्ने दिनको अन्त्य हुने छ । अर्को विषय हो वितरण प्रणालीको उचित व्यवस्थापन । जबसम्म राज्यले बजारको वितरण प्रणालीलाई चुस्त र पारदर्शी बनाउँदैन, तबसम्म सर्वसाधारणले यस्तै सास्ती भोगिरहनुपर्ने छ । आफ्ना नागरिकलाई आधारभूत उपभोग्य वस्तु सहजरूपमा उपलब्ध गराउनु सरकारको प्राथमिक दायित्व हो । त्यसैले, आयल निगम र वाणिज्य तथा उपभोक्ता संरक्षण विभागले कागजी स्पष्टीकरण र आश्वासनमामात्र सीमित नभई, ग्यासको लाइन हटाउने ठोस कदम तुरुन्तै चाल्नुपर्छ । अनलाइनमा सरकार चलाउने घोषणा गरेको सरकारले लाइनमा उभ्याउने कामको अन्त्य गर्नुपर्छ ।

अर्कोतर्फ, ग्यास उद्योगी र वितरक, बिक्रेताहरूको पनि यसमा ठूलो भूमिका रहन्छ । ग्यास वितरण व्यवस्थित र पारदर्शी बनाएर उपभोक्ताले बेहोर्नुपरेको सास्ती हटाउन उद्योगी तथा बिक्रेताहरू जिम्मेवार बन्नुपर्छ । साथै, ग्यास वितरण व्यवस्थित बनाउन असहयोग गर्ने उद्योगी, बिक्रेताहरूलाई कारबाहीको दायरमा ल्याउनुपर्छ । उपभोक्ता स्वयं पनि यसमा जिम्मेवार बन्नुपर्ने देखिन्छ । हल्लाको पछि लागेर ग्यास आवश्यकभन्दा बढी भण्डार गर्ने प्रवृत्ति छाड्नुपर्छ । आफूलाई आवश्यक ग्यासमात्र स्टक राख्ने हो भने बजारमा यति धेरै अभावको अवस्था रहँदैन । सरोकारवाला सबैले यसतर्फ ध्यान दिऔं ।

# हिमाल चढ्ने रहर, सुरक्षित फर्कने चुनौती



❑ राजु सिलवाल

“नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरूको संख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरूको संख्या भने दिनहुँ घटिरहेको छ । नेपाली युवाहरूको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै गएको छ । हिमालमा विभिन्न पेसामा काम गरी विदेश गएकाहरू कयौं अन्य पेसामासमेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरूलाई मार्गनिर्देशन गर्ने कार्य गर्दै आइरहेका छन् ।

विश्वमा तीव्र गतिको आरोहणमा विशिष्ट पहिचान बनाउन सफल निम्स दाइको नामले परिचित कीर्तिमानी आरोही निर्मल पुर्जासहित नेपाली तथा अन्य मुलुकका १० पर्वतारोहीको पाकिस्तानस्थित ‘ब्रोड पिक’ हिमालमा हिमपहिरोमा परी दुःखद निधन भएपछि हिमालमा सुरक्षासम्बन्धी सन्दर्भ बहसको विषय बन्न पुगेको छ । निर्मल पुर्जाका सहयात्री पुरबहादुर गुरुङ ‘युक्ता’ले सगरमाथा १० पटक आरोहण गर्नुका साथै विश्वका आठ हजार मिटर अग्ला १२ वटा हिमाल चढिसकेका थिए । यसपालि पनि हिमालमा ज्यानको बाजी थाप्दै कठोर परिस्थितिको सामना गर्दै आएका यी साहसीको प्रकृतिका अघि कुनै जोर चलेन । यो घटनाले विश्वमै हिमाली गतिविधिको केन्द्र मानिएको नेपाल जस्तो मुलुकलाई अझ बढी क्षति पुर्‍याएको छ ।

विगतमा झण्डै आठ वर्ष लगाएर विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण गरी दक्षिण कोरियाका किम चाङ होले बनाएको विश्वकीर्तिमान छ महिना छ दिनमै भंग गर्न सफल आरोही निर्मल पुर्जाका लागि आठ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल कुनै नौलो थिएन । उनले १० नेपालीसँगै हिउँदमा पहिलोपटक विश्वको दोस्रो अग्लो शिखर के टू हिमाल चढेर विश्वकीर्तिमान स्थापित गरेका थिए । उनले अन्य थुप्रै विश्वकीर्तिमानहरू बनाइसकेका छन् । त्यस्ता अनुभवी पर्वतारोहीको हिमालमै अवसान हुनु सामान्य प्रसंग होइन । सोही दुर्घटनामा अन्य अनुभवी आरोहीले पनि हिमालमै प्राण त्याग्नु परेको थियो ।

नेपालका हिमालहरू कयौं दशक अघिदेखि नै विश्वभरिका पर्वतारोही तथा साहसिक पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै आइरहेका छन् । हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी आरोहीहरू विश्वको सर्वोच्च शिखर तथा अन्य विभिन्न हिमाल आरोहणमा संलग्न हुने गरेका छन् । पर्वतीय पर्यटनबाट मुलुकले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरिरहेको छ तर हिमालप्रतिको बढ्दो आकर्षणसँगै हिमाली क्षेत्रमा दुर्घटनामा परेर कयौं पर्वतारोहीले ज्यान गुमाएका छन् । गत वसन्त ऋतुमा सगरमाथा र मनास्लु हिमालमा गरी सात जनाको निधन भएको थियो । यस्तै मौसमजन्य जोखिम, उद्धारको चुनौती र उचित सुरक्षा व्यवस्था पनि गम्भीर मानिएका छन् । हिमाललाई सुरक्षित गन्तव्यका रूपमा स्थापना गर्न जोखिमप्रतिको सचेतता तथा प्रभावकारी सुरक्षा प्रणाली अपरिहार्य बनेको छ ।

## सुरक्षाका उपायहरु

हिमालमा पर्वतारोहीको सुरक्षाका लागि योग्यता र अनुभव महत्त्वपूर्ण मानिएको छ । पर्वतारोहीले पर्वतारोहणसम्बन्धी तालिम अनिवार्यरूपमा हासिल गरेको हुनुपर्ने तथा निश्चित उचाईका हिमाल आरोहण गरेपछि मात्र उच्च हिमाल चढ्ने अनुमति दिने व्यवस्था हुनु आवश्यक छ । प्रस्तावित पर्यटन विधेयकमा सगरमाथा आरोहणका लागि सात हजार मिटरभन्दा अग्लो कुनै नेपाली हिमाल आरोहण गरेको प्रमाणपत्र अनिवार्यरूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । आरोहण अनुमति पाउन स्वास्थ्य अनुमतिपत्र पनि अनिवार्य गरिएको छ ।

मौसमको भरपर्दो पूर्वानुमानको व्यवस्था, गुणस्तरीय उपकरणको प्रयोग पनि महत्त्वपूर्ण मानिन्छ । खोज तथा उद्धार टोलीलाई चौबिसै घण्टा सजग राख्दै सञ्चार प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । यस्तै सरकारी नीति नियम लागू गर्न सम्बन्धित निकायको सक्रियता पनि आवश्यक पर्दछ । यसक्रममा सुरक्षा मापदण्ड पालना नगर्नेलाई तत्काल कारबाही गर्न पछि पर्न हुँदैन ।

## 'ट्राफिक जाम'को सन्दर्भ

सगरमाथामा बेलाबखत ‘ट्राफिक जाम’ अर्थात् एकैपटक धेरै आरोहीहरूको भीड हुने गरेको सन्दर्भ पनि उठ्ने गर्दछ । एकै समयमा सगरमाथाको शिखरतर्फ प्रस्थान गर्ने मार्गमा आरोहीहरू भीड लागेको तस्बिर सार्वजनिक भएका छन् । यसै क्रममा सगरमाथालगायतका हिमालको बहन क्षमताबारे पनि चर्चा हुन थालेको छ । गत वसन्त ऋतुमा सम्पन्न पर्वतारोहण गतिविधि सम्बन्धमा केही दिनअघि आयोजित समीक्षात्मक छलफलमा सगरमाथालगायतका हिमालमा एकै याममा कति आरोहीलाई आरोहण गराउन सकिन्छ गहिरो र यथार्थपरक अध्ययनको आवश्यकता रहेको औंल्याइएको थियो ।

हिमालमा व्यवस्थापन गर्ने विषयमा विज्ञहरू भूगर्भविद्लगायतको सल्लाह र सुझावमा राज्यले नीति स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ । सगरमाथामा निर्धारित समयभित्र ‘रोप फिक्सिङ’ गरी शिखरसम्म जाने बाटो खुला गर्न सकिएमा जति धेरै आरोही भए पनि फरक नपर्ने धारणा पनि सो कार्यक्रममा व्यक्त भएको थियो । हिमाल आरोहणबाट सरकार तथा व्यवसायी एवं श्रमिकहरूलाई फाइदा हुने हुँदा यसलाई ट्राफिक जामसँग तुलना गर्न नहुने तर्क पनि रहेको छ ।

## हेलिकप्टरको तयारी

विदेशी आरोहीहरू विभिन्न कीर्तिमान कायम गर्ने लक्ष्यका साथै सुरक्षित हिमाल आरोहणका लागि नेपाल आउन गरेका छन् । नेपालका अनुभवी तथा भरपर्दा पथप्रदर्शकहरू विदेशी आरोहीहरूका लागि प्रमुख आकर्षण बन्दै आएका छन् । नेपालमा आरोहण गर्न आउँदा हिमालमा २३ हजार फिटसम्म कुनै आपत्कालीन अवस्था परेमा हेलिकप्टरबाट पनि उद्धार गर्न सकिने व्यवस्था भएकाले आरोहण अभियान सञ्चालनकर्ताहरू ढुक्क हुने गरेका छन् । हिमाली भेगमा हेलिकप्टरबाट उद्धार गरिने ‘लाइफलाइन रेस्क्यू’का लागि सीमित मात्रामा भए पनि उपकरण तथा जनशक्तिको उपलब्धताले पर्वतारोहीहरूलाई राहतको अनुभूति गराउने गरेको छ ।

विदेशमा यस्तै उद्धार गरिँदा ५०औं हजार डलर लागत पर्नेमा नेपालमा सुलभ मूल्यमा उद्धार गर्न सकिने अवस्था रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टरमा दुईजना पाइलटको व्यवस्था गरेपछि हेलिकप्टरको क्षमता भएता पनि १८ हजार फिटभन्दा माथि एकजनाको मात्र उद्धार गर्न पाउने अवस्था रहेको छ ।

## हिमालमै ज्यान गुमाएकाहरु

हिमालमा आरोहणका क्रममा निधन भएका आरोही तथा अन्य सहयोगीहरूको शव अहिले पनि विभिन्न हिमालमा देख्न सकिन्छ । शव उठाउने काम पनि उद्धार नै भएकाले त्यसलाई सहज बनाउनुपर्ने देखिएको छ । यसका लागि स्पष्ट नीतिको आवश्यकता महसुस गरिएको छ । सर्वोच्च अदालतले सगरमाथाको दोस्रो शिविरभन्दा माथिबाट हेलिकप्टरले मानवीय उद्धारमात्र गर्नेगरी आदेश दिएकाले मृतक आरोहीको शव ल्याउन कठिनाइ भइरहेको छ । मृत शरीरलाई बेग्लै ढाँचा वा इन्स्योरेन्सको प्याकेजबाट ल्याउन पहल गर्नु आवश्यक देखिएको छ ।

## घट्दो पथप्रदर्शक

नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरूको संख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरूको संख्या भने दिनहुँ घटिरहेको छ । नेपाली युवाहरूको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै गएको छ । हिमालमा विभिन्न पेसामा काम गरी विदेश गएकाहरू कयौं अन्य पेसामासमेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरूलाई मार्गनिर्देशन गर्ने कार्य गर्दै आइरहेका छन् । आगामी दिनमा पर्वतीय पथप्रदर्शकलगायत हिमालमा काम गर्ने अन्य श्रमिकहरू उचित मात्रामा उत्पादन गरेर यो क्षेत्रमा विदेशी श्रमिक भित्रिनसक्ने सम्भावनालाई रोक्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

## धेरैपछि तालिम सञ्चालनको पहल

नेपाल पर्वतारोहण संघले लामो समयदेखि पर्वतारोहीहरूका लागि आधारभूत र एडभान्स (विशिष्टीकृत) प्रशिक्षण प्रदान गर्दै आइरहेको थियो । हिमाल चढ्न अभिरुचि राख्नेहरूका लागि ती तालिमहरू अत्यन्त उपयोगी साबित मानिन्थ्यो तर कोभिड महामारीको विश्वव्यापी प्रकोपपछि यस्ता तालिम पुनः सञ्चालन हुन सकेका छैनन् । यसको असर पर्वतारोहणमासमेत पर्न गएको छ । यस्ता प्रशिक्षण नियमितरूपमा सञ्चालन गर्न सरकारले पनि सघाउनुपर्ने देखिएको छ । विगतमा मनाङमा रहेको पर्वतारोहण प्रशिक्षण स्कुलमा यस्ता तालिम दिने गरिएको थियो । त्यो स्कुलको भवन जीर्ण भएकाले पुनर्निर्माण गरेर फेरि तालिम सञ्चालन गर्न आवश्यक तयारी गरिएको छ । यो वर्ष एउटा तालिम सञ्चालन गरिने लक्ष्य राखिएको छ ।

नेपालका हिमालहरू राष्ट्रिय गौरवका आधार हुन् तर हिमालप्रतिको आकर्षणलाई मात्र केन्द्रबिन्दुमा राखेर यसको दिगोपन सुनिश्चित हुन सक्दैन । बढ्दो आरोहण गतिविधिसँगै आरोही तथा आरोहणमा संलग्न अन्य सहयोगीहरूको सुरक्षाप्रति सचेत हुनु अत्यावश्यक देखिएको छ । संसारका विभिन्न मुलुकबाट नेपाललाई रोज्दै हिमाल चढ्न आएका आरोहीहरूलाई साहसिक अभियान सम्पन्न भएपछि सकुशल घर फर्काउने जिम्मेवारी समग्रमा नेपालकै हो ।

यस्तै आफ्नो ज्यानसमेत जोखिममा राखेर अतिथिलाई सघाउँदै आएका साहसी नेपाली सहयोद्धाको सुरक्षा पनि त्यति नै महत्त्वपूर्ण हुन्छ । यसैले जिम्मेवार पर्यटन संस्कृतिलाई महत्त्व दिनु समयको माग हो । हिमालले अवसरमात्र नभई जिम्मेवारी पनि साथै ल्याउने तथ्यलाई सबै सरोकारवालाले आत्मसात् गर्न सकेमात्र हिमाली पर्यटन सुरक्षित र दिगो बन्न सक्दछ । *रासस*

# बोल्दिन ! बोल्नै पर्छ !






✍ बैकुण्ठ भण्डारी

सहरमा अहिले चिया पसलको बिगबिगी छ । पहिलेपहिले चिया पसलमा बस्यो भने केटो बिग्रियो भन्थे । अहिले चिया पसलमा बसेर दुई-चारवटा कुरा नछाँटे केटो बिग्रिएछ भन्छन् । समयको कुरा हो नि ! कहिले कुन ठीक कहिले कुन ।  त्यसैले पनि अहिले टिलिक्क चम्काइएको बाँसको घरमा बनाइएको चिया पसलमा अत्यधिक भीडभाड हुने गर्दछ । अझ चिया पसलकै साहुजी सांसद पनि बनिसक्नुभाको छ । त्यही साहुजीका चिया पसलमा मटयाङ्ग्राको टोली चियाको चुस्की लगाउँदै गफ दिइरहेको देखिन्छ ।

‘मलाई त आज बोल्नै मन छैन ।’

चिया पसलको कुनामा बसेर मटयाङ्ग्रोले कपमा चिया घुमाउँदै यतिमात्रै भन्यो । उसको अनुहारमा रिस पनि थिएन, खुसी पनि थिएन । मानौं देशको नक्सा नै उसको निधारमा कोरिएको थियो । मटयाङ्ग्राको कुरा सुनेर बैरीले हाँस्दै भन्यो, ‘के भयो ? सरकारले फेरि पेट्रोल र ग्यासमा भाउ बढायो भनेर कि श्रीमतीले घरभित्र प्रवेश निषेध गरिन् ?’

मटयाङ्ग्रोले टाउको हल्लायो ।

‘त्योभन्दा ठूलो कुरा छ ?’

त्यत्तिकैमा साविर खान पनि आइपुगे । उनी गाउँका शिक्षक । ईदमा सेवैयाँ बाँड्ने, दसैंमा टीका थाप्ने, तिहारमा दियो बाल्ने र बुद्ध जयन्तीमा लुम्बिनी जाने मानिस । धर्म उनको आस्था थियो, तर मानवता उनको परिचय ।

साविरले सोधे, ‘आज किन यति गम्भीर ?’

मटयाङ्ग्रोले मोबाइल अगाडि सार्‍यो, ‘पूर्वी तराईको समाचार हेर । हिन्दू र मुस्लिम समुदायबीच तनाव भएको छ । भिडियोभन्दा छिटो अफवाह फैलिएको छ । मानिसभन्दा पहिले घृणा दौडिरहेको छ ।’ तीनै जना केहीबेर मौन भए । त्यो मौनतामा नेपाल रोइरहेको थियो ।

बैरी बौद्ध परिवारमा जन्मेका थिए । उनले बिस्तारै भने, ‘बुद्धले त रिसलाई पानीले आगो निभाएझैं निभाउन सिकाउनुभयो । अहिले मानिसहरू आगोमा पेट्रोल थप्न व्यस्त छन् ।’ मटयाङ्ग्रोले थप्यो, ‘रामले पनि सत्य र मर्यादा सिकाए । पैगम्बर मुहम्मदले पनि दया र न्याय सिकाउनुभयो । बुद्धले करुणा सिकाउनुभयो । तर हामीले धर्मबाट प्रेम होइन, राजनीतिक नारा सिक्यौं ।’

साविर मुस्कुराए ।

‘धर्म बदलिएको छैन, हाम्रो नियत बदलिएको हो ।’ चिया पसलको मालिकले युटचुवको भिडियोलाई साउण्ड वक्समा जोडेर आवाज ठूलो बनाएर सुनिरहेका थिए । कसैले चिच्याइरहेको थियो, ‘देश खतरामा छ ।’ अर्कोले भन्यो, ‘यो हाम्रो अस्तित्वको लडाइँ हो ।’ मटयाङ्ग्रो जुरुक्क उठेर पसलमा राखेको साउण्ड बक्सको आवाज नै बन्द गरिदियो । ‘अस्तित्वको लडाइँ होइन, अस्तित्व बेच्नेहरूको व्यापार हो ।’

बैरीले हाँस्दै भने, ‘पहिले गाउँमा कसैले धर्म सोधेर पानी पिउँदैनथ्यो । अहिले फेसबुकमा पहिला धर्म सोध्छ, अनिमात्रै साथी बनाउँछ ।’ साविरले सम्झिए, ‘मेरो हजुरबुबा भन्नुहुन्थ्यो, छिमेकीको दुःखमा धर्म होइन, काँध चाहिन्छ ।’ मटयाङ्ग्रोले थपे, ‘अहिले काँधभन्दा क्यामरा धेरै पुगेको छ । कसैको घर जल्दा बाल्टिनभन्दा मोबाइल पहिला पुग्छ ।’

तीनै जना पुराना दिन सम्झिन थाले । दसैंमा साविरको घरबाट जमरा लिन हिन्दू साथीहरू जान्थे । ईदमा मटयाङ्ग्रो सेवैयाँ खान पहिलो पाहुना हुन्थे । बुद्ध जयन्तीमा बैरीले आयोजना गरेको शान्ति पदयात्रामा सबै धर्मका मानिस हिँड्थे । छठ आउँदा गाउँभरिका हिन्दू, मुस्लिम, बौद्ध, किराँत सबै मिलेर घाट सफा गर्थे । त्यो बेला कसैले सोध्दैनथ्यो, तिमी कुन धर्मको ?

बरू सोधिन्थ्यो, खाना खायौ ?

मटयाङ्ग्रोले लामो सास फेर्‍यो । आज समस्या धर्म होइन । समस्या अफवाह हो । समस्या राजनीतिक स्वार्थ हो । समस्या त्यो मानसिकता हो जसले मानिसलाई पहिले हिन्दू, मुस्लिम, बौद्ध देख्छ, नेपाली देख्दैन । बैरीले चिया सर्काउँदै भने, ‘महँगीले हिन्दू र मुस्लिम छुट्याएको छैन । बेरोजगारीले बौद्ध र हिन्दू छुट्याएको छैन । अस्पतालको लाइनमा सबै बराबर छन् ।’

साविरले थपे, ‘बाढी आउँदा नदीले नागरिकताको रङ हेर्दैन । आगलागी हुँदा आगोले मन्दिर र मस्जिद छुट्याउँदैन ।’ त्यत्तिकैमा एउटा युवक आयो । उसले भन्यो, ‘दाइ, फेसबुकमा लेखेको छ, उनीहरूले यस्तो गरे रे !’

मटयाङ्ग्रोले सोध्यो, ‘तिमीले आफ्नै आँखाले देख्यौ ?’

छैन ।

‘पक्का प्रमाण छ ?,’ फेरि सोध्यो ।

छैन ।

‘अनि किन विश्वास गर्‍यौ ?,’ मटयाङ्ग्राले युवकलाई भन्यो । युवक चुपचाप बस्यो । मटयाङ्ग्रोले मुस्कुराउँदै भन्यो, ‘आजकल मानिसहरू सत्यलाई प्रमाण चाहिन्छ भन्छन्, तर अफवाहलाई विश्वास गर्न एक सेकेन्ड पनि लाग्दैन । मोबाइल भएका सबै पत्रकार भए । के देखाउने, के नदेखाउने भन्ने त कुरै छाडौं । सबलाई ‘भाइरल’ बनाउन मन छ । बैरीले मुख खोल्यो, ‘सरकारको काम के हो ?’

मटयाङ्ग्रोले उत्तर दिए, ‘घटना भएपछि विज्ञप्ति निकाल्ने ।’ साविरले थपे, ‘अनि अर्को दिन समिति बनाउने ।’ बैरी हाँस्यो, ‘त्यसपछि समितिले अर्को समिति बनाउने ।’

तीनै जना हाँसे ।

मटयाङ्ग्रोले गम्भीर हुँदै हातमा भएको मोबाइलमा फेसबुक खोल्यो र लेख्यो- ‘सरकार, सत्तामा बसेर रमिते नबन । जब समाजमा अविश्वास फैलिन्छ, राज्य मौन बस्न मिल्दैन । घृणा फैलाउनेलाई कानुनको दायरामा ल्याऊ । अफवाहभन्दा सत्य छिटो पुर्‍याऊ । विद्यालयमा सहिष्णुता पढाऊ । सामुदायिक संवाद बढाऊ । हामीलाई फेरि एकअर्काको चाड मनाउन सिकाऊ ।’

उसले पोस्ट गर्‍यो । मटयाङ्ग्रोले फेसबुकमा पोस्ट गरेपछि साविरले भने, ‘मस्जिदबाट शान्तिको सन्देश जाओस् ।’ बैरीले थप्यो, ‘गुम्बाबाट करुणाको आवाज आओस् ।’

मटयाङ्ग्रोले भने, ‘सरकारले घण्टी बजाओस् कि नबजाओस् तर मन्दिरबाट सहिष्णुताको घण्टी बजोस् । नेताहरूलाई चुनाव आउँदा जनता चाहिन्छ । चुनाव सकिएपछि जनता धर्ममा बाँडिए पनि केही फरक पर्दैनजस्तो व्यवहार देखिन्छ ।’

बैरीले थपे, ‘हामीलाई भोट बैंक नबनाऊ, विश्वासको बैंक बनाऊ ।’ साविरले भने, ‘राजनीतिक रोटी सेक्न समाजको आगो प्रयोग गर्नेहरू देशका मित्र हुन सक्दैनन् ।’ मटयाङ्ग्रोको पोस्टमा बैरी र साविरले थपे । अरु थपिँदै गए । त्यतिबेला चिया पसलमा एउटा सानो बालक आयो । उसले तीनवटै कप उठाएर भन्यो, ‘काका, कप छुट्याऊँ कि एउटै ट्रेमा राखिदिऊँ ?’

मटयाङ्ग्रो मुस्कुराए, ‘एउटै ट्रेमा राख बाबु ।’

बालकले फेरि सोध्यो, ‘किन ?’

साविरले उत्तर दिए, ‘किनकि चिया फरक कपमा पिइन्छ, तर मिठास एउटै हुन्छ ।’ बैरीले थपे, ‘धर्म फरक हुन सक्छ, तर देश एउटै हुन्छ ।’ साउनको महिना पानी परिरहेको थियो । मटयाङ्ग्रोले अलि ठूलै छाता बोक्ने गर्दथे । साविरले भने, ‘लौ अब जाऔं ।’

तीनै जना एउटै छातामुनि निस्किए । मटयाङ्ग्रो हिन्दू थिए । बैरी बौद्ध थिए । साविर मुस्लिम । तर वर्षाले उनीहरूको धर्म छुट्याएन । भिजेको माटोको गन्ध एउटै थियो । हावाको स्पर्श एउटै थियो । नेपाल पनि एउटै थियो । हिँड्दै गर्दा मटयाङ्ग्रो फेरि बोले, ‘मलाई बोल्नै मन छैन ।’

बैरीले सोधे, ‘अब किन ?’

‘किनकि बोल्नुपर्नेहरू धेरै छन्, तर बोलिरहेका कम छन् ।’ साविरले भने, ‘त्यसैले हामी बोल्नुपर्छ, घृणाका लागि होइन, सद्भावका लागि । तिमी सत्य बोल्छौं । सत्य लेख्छौं । होला, तिमीले सत्य लेखेको वा बोलेको कसैलाई मन नपर्न सक्छ तर तिमीले बोल्दिन भन्न पाउँदैनौं ।’

उनीहरू हिँडेको केही समयमा नै पानी रोकियो । उनीहरू सिफलको ओरालोमा रहेको धर्मभक्तको सालिक अघि पुगे । बैरीले भन्यो, ‘यही सालिकमा बसेर एउटा भिडियो सन्देश बनाएर पोस्ट गरौं ।’

सबैले सहमति जनाए । धर्मभक्तको सालिकअघि उभिएर एकैसाथ बोले । ‘हामी हिजो पनि मिलेर बसेका थियौं । आज पनि मिलेरै बसिरहेका छौं । भोलि पनि यही माटो, यही आकाश र नेपालको झण्डामुनि मिलेरै बस्नेछौं । हिन्दू, बौद्ध, मुस्लिम, किराँत, इसाई- हामी सबैभन्दा पहिले नेपाली हौं ।’

एकै पटकमा एउटै स्वरमा भिडियो खिचे र पोस्ट गरे । मटयाङ्ग्रोले भने, ‘अब सरकारलाई पनि झकझक्याउने कि ? अर्को पनि खिचौं मन लागे हालौला मन नलागे नहालौला !’ तीनै जना सहमत भए । ‘सरकार, सत्ता चलाउने कुर्सीमा बसेर केवल रमिते नबन । समाजमा देखिएको अविश्वासलाई संवादले मेटाऊ, निष्पक्ष कानुनले न्याय देऊ, विद्यालयदेखि टोलसम्म सहिष्णुताको संस्कार फैलाऊ । नेपाललाई फेरि हिजोकै सामाजिक सद्भावमा फर्काऊ, जहाँ हामी एकअर्काको धर्म, पर्व, संस्कृति र खुसीमा बराबरी सहभागी हुन्थ्यौं । भविष्यमा पनि हुने छौं ।’

बैरीले भन्यो, ‘वाह यो त म पोस्ट गर्छु ।’

मटयाङ्ग्रोले धर्मभक्तका सालिकतर्फ हेर्दै भने, ‘मलाई त बोल्नै मन थिएन ।’ साविरले भन्यो, ‘मात्र न्यायका लागि भन्ने अनि नबोल्ने । तिमी बोल्दा बेथिति हट्छ । तिम्रो मौनताले समाजमा घृणाको आवाज बलियो हुन्छ । त्यसैले पनि तिमीमात्र होइन हामी तीनै जना सद्भावका पक्षमा बोल्नु नै आजको सबैभन्दा ठूलो धर्म हो । जाऊ टोलटोलमा पुगेर यही सन्देश बाँडौं ।’

तीनै जना धर्मभक्तको सालिकलाई घुमेर उकालो लाग्छन् ।

श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।



**शिवलिंगमा जल चढाउँदै** | साउनको तेस्रो सोमबार बुटवल उपमहानगरपालिका–१२ नयाँ गाउँस्थित पवित्र मुक्तिनाथ धाम मन्दिर शिवलिंगमा वेलपत्र एवं जल चढाउँदै भक्तजन। *तस्बिर: रासस*

# ‘पुनर्भरण र दोहनबीचको असन्तुलनले मधेसमा पानीको अभाव’

**काठमाडौं–** जल भण्डारको भरपर्दो र व्यावहारिक स्रोतका रूपमा रहेको भूमिगत जलको अत्यधिक दोहन बढ्दै जाँदा मधेस प्रदेशमा पानीको उपलब्धता घट्दै गएको संसदीय समितिको अध्ययनले ठहर गरेको छ ।

राष्ट्रिय सभाको सोमबारको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेलले ‘मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३’ प्रस्तुत गर्दै भूमिगत जल अनुगमनका तथ्यांक तथा समुदायको अवलोकनबाट औसतरूपमा भूमिगत जलसतह करिब दुई मिटरदेखि तीन मिटरले घटेको देखिएको जानकारी दिए ।

‘यही कारणले मधेस प्रदेशभरि रहेको सतही हाते पम्प, इनार तथा ट्युबवेलबाट पानी आउन छाडेको छ । खानेपानी आपूर्ति र कृषि उत्पादन दुवै क्षेत्रमा गम्भीर असर परेको देखिन्छ,’ उनले भने ।

मधेस प्रदेशका आठवटै जिल्लालाई समेटेर गरिएको सो अध्ययनले मधेसका पश्चिमी तथा मध्य भागका जिल्लामा भूमिगत जलस्तर तीन मिटरभन्दा बढी घटेको र हाते पम्पको सक्सन सीमा सतहबाट करिब सातदेखि आठ मिटरभन्दा तल झरेकाले करिब ६० प्रतिशतभन्दा बढी हाते पम्पबाट पानी आउन छाडेको अध्ययनका क्रममा पाइएको सभापति पौडेलले जानकारी दिए ।

‘धनुषाको हंसपुरलगायत स्थानमा करिब ९० प्रतिशतसम्म हाते पम्पबाट पानी आउन छाडेको अवस्था छ । खानेपानी आपूर्तिलगायत स्वास्थ्य संस्था, विद्यालय तथा स्थानीय जीविकोपार्जन प्रणालीमासमेत व्यापक र गम्भीर नकारात्मक असर पारेको देखिन्छ,’ उनले भने ।

पानी पुनर्भरणमा भएको ढिलाइका कारण गहिरा जलभृतले पनि उल्लेखनीय चापको सामना गर्नुपरेको देखिएको सभापति पौडेलले जानकारी दिए । ‘लामो समयसम्म पर्याप्त रूपमा पुनर्भरण नहुँदा केवल माथिल्लो तहमात्र होइन, सम्पूर्ण जलभित्र प्रणाली नै प्रभावित भइरहेको अवस्था छ,’ उनले भने ।

समितिको अध्ययनअनुसार सन् २०२५ को खडेरीका कारण देशभरि भूमिगत जल भण्डारणमा अनुमानित तीन हजार ६७५ मिलियन घनमिटर कमी आएको छ । यो परिमाण खडेरी भएको वर्षमा भएको पुनर्भरण (करिब ३०० मिलियन घनमिटर) भन्दा धेरै बढी हो र दीर्घकालीन औसत पुनर्भरणभन्दा पनि उच्च रहेको देखिन्छ ।

‘यो संकट केवल एक पटकको मौसममा आएको परिवर्तनलेमात्र भएको होइन, बरु पुनर्भरण र दोहनबीच देखिएको प्रणालीगत असन्तुलनका कारणले हो भन्ने विभिन्न तथ्य र तथ्यांकले पुष्टि गरिसकेको छ,’ सभापति पौडेलले भने ।

चुरे भावर क्षेत्रले मधेसको भूमिगत जल प्रणालीको पुनर्भरणमा एउटा मेरुदण्डको काम गर्ने उल्लेख गर्दै उनले चुरे क्षेत्रमा पुनर्भरण प्रक्रियाको संरक्षण, सम्बर्द्धन, पुनर्भरण स्थापना गर्नु नै मधेसको दीर्घकालीन भूमिगत जल उत्थानशीलताको सबैभन्दा प्रभावकारी उपाय हुने बताए ।

सभापति पौडेलले मधेसमा बारम्बार दोहोरिने जलसंकटको प्रतिक्रियामुखी अवस्थाबाट जलवायु अनुकूलन, जल सुरक्षातर्फ रूपान्तरण गर्न स्पष्ट नीति र योजना तर्जुमा गर्नु तथा निरन्तर रूपमा पानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा स्रोत सुनिश्चित गर्नु आजको अपरिहार्यता भएको बताए ।

समितिको गत असार २९ गतेको बैठकले सो अध्ययन प्रतिवेदन पारित गरेको थियो । तत्कालीन खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमितिकी संयोजक उर्मिला अर्यालको संयोजकत्वको समितिले उक्त अध्ययन गरेको हो ।

पछिल्ला दुई/तीन वर्षयता मधेसमा कम वर्षा हुँदा त्यसबाट खानेपानी र सिँचाइको चरम अभाव हुँदै गएको जनाउँदै २०८२ असार २६ गते मधेस प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । संघीय सरकारलेसमेत २०८२ साउन ८ गते मधेस प्रदेशभर तीन महिना अवधिका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सम्बन्धमा देखापरेका समस्या समाधानका लागि अध्ययन गर्न समितिले २०८२ साउन १५ गते खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमिति गठन गरेको थियो । उपसमितिले स्थलगत अध्ययन गरी समितिसमक्ष प्रारम्भिक प्रतिवेदन पेस गरेको थियो । *रासस*

# मालिका सामुदायिक वनका पदाधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुर्खेतको चौकुने गाउँपालिका-१ स्थित मालिका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

मालिका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले काम नै नभएका शीर्षकहरूमासमेत खर्च भएको भनी झूटा विवरण तयार गरी भ्रष्टाचाार गरेको आरोपसहित आयोगले विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको हो । आव २०७२/७३ देखि आव २०७८/७९ सम्मको झाडी सफाइ, अग्निरेखा निर्माण, खरघाँस रोपण/वृक्षरोपण, वन हेरालु तलब, भैँसी पालन, बाख्रापालन, डढेलो नियन्त्रण, मौरी घारसमेतका खर्चहरूको नक्कली बिल भरपाइ देखाइ लेखापरीक्षण गरी वनबाट आम्दानी भएको रकम हिनामिना गर्ने कार्य गरेको आयोगको आरोप छ ।

‘मालिका सामुदायिक वन उपभोक्ता समूहले काठ बिक्री गरेबापत आम्दानी भएको समितिको रकम काम नै नभएको शीर्षकहरूमा खर्च भएको भनी झूटा विवरण तयार गरी गराई लेखापरीक्षण प्रतिवेदनमा देखाइ आव २०७२/७३ मा २८ लाख ५८ हजार रूपैयाँ आम्दानी गरेकामा १६ लाख ४३ हजार रूपैयाँ हिनामिना हानि नोक्सानी गरे गराएको पाइयो,’ आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘आव २०७३/७४ मा काठ बिक्रीबापत १६ लाख १८ हजार रूपैयाँ आम्दानी भएकामा हानि नोक्सानी गरे गराएको, आव २०७४/७५ मा काठ बिक्री तथा आपूर्तिबापत १५ लाख ७५ हजार रूपैयाँ आम्दानी भएकामा १३ लाख ६५ हजार रूपैयाँ हिनामिना हानि नोक्सानी गरेको पाइयो ।’

विज्ञप्तिअनुसार आव २०७५/७६ तथा आव २०७६/७७ मा समितिको रकम तीन लाख ९० हजार रूपैयाँ हिनामिना हानिनोक्सानी गरेको पाइएकाले मुद्दा दायर गरिएको हो । मालिका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखापरीक्षकसमेतको मिलेमतो तथा योजनामा उक्त वन उपभोक्ता समूहले काठ बिक्री तथा आपूर्तिबाट आम्दानी गरेको रकमबाट आव २०७२/७३ देखि आव २०७६/७७ सम्ममा ३९ लाख १२ हजार रूपैयाँ हिनामिना हानि नोक्सानी गरेको पाइएको छ । प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा १९ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य भएको हुँदा देहायका प्रतिवादीहरूउपर विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष खीमबहादुर सावद, सचिव बनौली रोकाय र कोषाध्यक्ष जमानसिंह धामीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो १६ लाख ४३ हजार रूपैयाँ कायम गरिएको आयोगले जनाएको छ । मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष पदमसिं सावद, सचिव पूर्णदेवी धामी र कोषाध्यक्ष रूद्रबहादुर वन्तोलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा २२ लाख ६८ हजार रूपैयाँ बिगो कायम गरिएको छ ।

समूहका पूर्वअध्यक्ष हर्कबहादुर बुढा, सचिव तुल्सी दानी र कोषाध्यक्ष चक्रबहादुर सावदलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा तीन लाख ९० हजार रूपैयाँ बिगो कायम गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए । ‘पाठक एण्ड एसोसियट्स’का रजिस्टर्ड लेखापरीक्षक डिल्लीराम पाठक र प्रेमबहादुर बिसी एण्ड कम्पनीका रजिस्टर्ड लेखापरीक्षक प्रेमबहादुर बिसीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिवानाको मागदाबी गरिएको छ ।

# ‘पेपरलेस धनगढी’का लागि एकीकृत ‘डिजिटल’ प्रणाली

**सुदूरपश्चिम–** धनगढी उपमहानगरपालिकाले ‘पेपरलेस धनगढी’ को अवधारणा कार्यान्वयन गर्न ‘एकीकृत डिजिटल प्रणाली-युडिजिपी’ अन्तर्गत पहिलो चरणका काम सम्पन्न गरेको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) सँगको साझेदारीमा एकीकृत डिजिटल प्रणालीको विकास सम्पन्न भएको हो ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा उपमहानगरले आफ्ना सेवालाई प्रविधिमैत्री बनाउँदै छिटोछरितो र पारदर्शी सेवाप्रवाह गर्ने उद्देश्यले निर्माण गरिएको डिजिटल प्रणालीको परीक्षण कार्य सम्पन्न भएको जनाएको हो । उपमहानगर प्रमुख गोपाल हमालले सूचना प्रविधिको प्रयोगमार्फत कार्यालयमै आएर सेवा लिनुपर्ने अवस्थाको अन्त्य गर्न एकीकृत प्रणाली सुरु गरिएको बताए ।

‘उपमहानगरको सेवा सहजरूपमा घरबाटै लिन मिल्ने गरी डिजिटल प्रणलीको विकास गरेका छौं । अब प्रविधिमा अभ्यस्त नागरिकले कार्यालयमा आइरहनु पर्दैन । त्यसबाहेकका नागरिकले पहिलेजस्तै कार्यालयमा आएर सेवा लिने सुविधा पनि यथावत् छ,’ उपमहानगरप्रमुख हमालले भने ।

उपमहानगर सञ्चार तथा सूचना प्रविधि शाखा प्रमुख अनुप भट्टले डिजिटल प्रणालीबारे प्रस्तुतीकरण गर्दै सहज सेवा प्रवाहका साथै यहाँको जनसंख्या, सेवाग्राहीको अवस्था (अपांगता) र करदाताको



पहिचान गर्न सहयोग पुग्ने बताए । उक्त प्रणालीको कार्यान्वयनबाट उपमहानगरले आफ्ना नागरिकलाई आवश्यक सेवासुविधा उपलब्ध गराउन र तथ्यांकमा आधारित नीति तथा योजना बनाउन पनि सहज हुने आशा गरिएको छ ।

एउटै ‘प्लेटफर्म’भित्र विभिन्न सफ्टवेयरलाई एकीकृत गरी सेवा प्रवाह गरिने भएकाले नागरिकका सबै विवरण एउटै प्रणालीमा सुरक्षित रहने छ । पहिलो चरणमा उपमहानगरका १९ वटै वडाका सचिवलाई तालिम, नागरिक ई-केवाइसी, विभिन्न सिफारिस, फाइल ट्र्याकिङ तथा डिजिटल सेवा सञ्चालनसम्बन्धी क्षमता विकास गरिने जनाइएको छ ।

डिजिटल साक्षरता कम भएका सेवाग्राहीलाई लक्षित गर्दै कार्यालयमै ‘सहायता कक्ष’ स्थापना र त्यहाँ रहेका कर्मचारीले सेवाग्राहीको विवरण डिजिटल प्रणालीमा दर्ता गरी आवश्यक सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको उपमहानगरले जनाएको छ । जन्मदर्ता, नागरिकताका लागि आवश्यक सिफारिस, व्यवसाय दर्ता तथा नवीकरणलगायतका सेवा घरमै बसेर अनलाइनमार्फत लिन सकिने बताइएको छ ।

दोस्रो चरणमा ई-सिग्नेचर मोडयुल, डिजिटल अभिलेख व्यवस्थापन प्रणाली, नागरिक गुनासो तथा सुझाव व्यवस्थापन, कार्यालय टिप्पणी लेखन तथा व्यवस्थापन, डिजिटल भुक्तानी तथा राजस्व संकलन, विकास निर्माण अनुगमन तथा सूचना, सार्वजनिक सूचना, कार्यालय विवरण, विपद्, डेटा दृश्यावलोकन, डेटा सुरक्षालगायत प्रणालीको विकास गरिने उपमहानगरले जनाएको छ । *रासस*


**युएइमा रोजगार** — कम्पनी : GLOBAL GEOMAPPING SOLUTIONS LLC SPC

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/१८ | LT. No. 337646 | चलानी नं. ६०२५१०९६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 2 | 0 | 1500 | ६२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५२४/०७४/७५

Go Source Placement Services Pvt.ltd.(Avion Human Resource Management Pvt. Ltd.)

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977-1 4599632, 9801000593, 9801000591, Email: avionhumanrm@gmail.com,, Website: www.gosourceplacementservices.com



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०४/१९)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु तथा व्यक्तिगत जमानतकर्ताहरुका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जा असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: ४ न. जीतपुर,कपिलवस्तु

| |
|---|
| १. ऋणीको विवरण |
| गंगादीन केवटको नाति, जगलाल केवटको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको सिताराम केवट (ना.प्र.प.नं.: ३८-०१-७०-०१८९४, कपिलवस्तु) |
| व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
| १. राम चरणको नाति, गंगादीन केवटको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको जग लाल केवट (ना.प्र.प.नं.: ३४१६६, कपिलवस्तु) |
| २. गंगादीन केवटको बुहारी, जग लाल केवटको पत्नी, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको किशा केवट (ना.प्र.प.नं.: ३८-०१-७२-०१७२३, कपिलवस्तु) |
| ३. गंगादीन केवटको नाति, जग लाल केवटको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको विजय कुमार केवट (ना.प्र.प.नं.: ३८३००३/६१, कपिलवस्तु) |
| ४. गंगादीन केवटको नाति, जग लाल केवटको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको दशरथ केवट (ना.प्र.प.नं.: ३८१००३/४४९, कपिलवस्तु) |
| २. ऋणीको विवरण |
| प्रसादे थारुको नाति, नाथु थारुको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको राम मंगल चौधरी थारु (ना.प्र.प.नं.: ४२५, कपिलवस्तु) |
| व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
| १. नाथु थारुको बुहारी, राम मंगल चौधरी थारुको पत्नी, कपिलवस्त जिल्ला, हथौसा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको सुसिला चौधरी (थरुनी) (ना.प्र.प.नं.: २२७, कपिलवस्तु) |
| २. गुलजार थारुको नाति, प्रसादे थारुको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको नाथु थारु (ना.प्र.प.नं.: ४७/७५५, कपिलवस्तु) |
| ३. नाथु थारुको नाति, राम मंगल चौधरी थारुको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको सरोज कुमार चौधरी (ना.प्र.प.नं.: ३८-०१-०६९-२४७७३, कपिलवस्तु) |
| ४. राम मंगल चौधरी थारुको बुहारी, सरोज कुमार चौधरीको पत्नी, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको प्रेमकला थारु (ना.प्र.प.नं.: ३८-०१-०६९-२८७५४, कपिलवस्तु) |
| ३. ऋणीको विवरण |
| मेघनाथ नेउपानेको नाति, राम शर्मा नेउपानेको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको दिपेन्द्र नेउपाने (ना.प्र.प.नं.: ४६४०६, कपिलवस्तु) |
| व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
| १. राम शर्मा नेउपानेको बुहारी, दिपेन्द्र नेउपानेको पत्नी, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएका अनिता कुमारी नेउपाने (ना.प्र.प.नं.: ३८३००२/९६, कपिलवस्तु ) |
| २. हरी कृष्ण नेउपानेको नाति, मेघनाथ नेउपानेको छोरा, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको राम शर्मा नेउपाने (ना.प्र.प.नं.: २४, कपिलवस्तु) |
| ३. मेघनाथ नेउपानेको बुहारी, राम शर्मा न्यौपानेको पत्नी, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएका सुर्य कुमारी नेउपाने (ना.प्र.प.नं.: २५५०/२०, कपिलवस्तु ) |

शाखा कार्यालय: पृथ्वीचोक, कास्की

| |
|---|
| ऋणीको विवरण |
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग कास्कीमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७५/०५/०७ मा दर्ता नं. १४३०६/लघु ८९१/०७४/०७५ कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. ९ स्थित स्वीस स्टार टेलर्स |
| व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
| १. लाल बहादुर परियारको नाति, शंकर बहादुर परियारको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, कात्तिके देउराली गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको सुरज परियार (ना.प्र.प.नं.३०-०१-७२-०६११८, काभ्रेपलाञ्चोक) |
| २. शंकर बहादुर परियारको बुहारी, सुरज परियारको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला चौंरीदेउराली गा.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको निरु चौलागाई (ना.प्र.प.नं. २१३०४५-४९-रामेछाप, काभ्रेपलाञ्चोक) |

# प्रभाव दैनिक

मंगलबार, १९ साउन २०८३ (Tuesday, 04 August 2026)


## रूपशाला

### सुब्रतको निर्देशनमा 'पच्चीस पच्चीस' बन्ने

'पच्चीस पच्चीस' नामबाट फिल्म निर्माण हुने भएको छ । सोमबार दरबारमार्गस्थित कासा लाउन्जमा एक कार्यक्रम गर्दै कर्ण इन्टरटेनमेन्टले फिल्म घोषणा गरेको हो । फिल्म सुब्रत आचार्यले निर्देशन गर्न लागेका हुन् । आचार्यले यसअघि 'अधकट्टी', 'सुश्री सम्पत्ति' निर्देशन गरेका थिए । फिल्मका निर्माता कर्ण कार्की हुन् । फिल्ममा अभिषेक खड्का, खुसी कार्की, प्रमोद अग्रहरी लगायतको अभिनय रहनेछ । कथा सुब्रत आचार्य र जया आचार्यको रहेको भने पटकथा सुशील देवकोटाले तयार गरेका हुन् । फिल्म हरि हुमागाईंले खिच्नेछन् । छिट्टै छायांकन सुरू हुने बताइएको फिल्मले सामाजिक-कमेडी कथा पस्कने निर्देशक आचार्यले बताए ।




# सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका चलचित्रलाई साढे तीन करोड अनुदान दिइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषयवस्तुमा आधारित चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले ल्याउन लागेको 'सांस्कृतिक तथा राष्ट्रिय महत्वको क्षेत्रमा चलचित्र निर्माणका लागि प्रोत्साहन अनुदान कार्यक्रमसम्बन्धी कार्यविधि, २०८३' को मस्यौदामाथि सरोकारवालासँग छलफल गरिएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयमा सोमबार आयोजित अन्तरक्रियामा चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न संस्था, चलचित्र निर्माता, निर्देशक, कलाकार तथा विज्ञहरूको सहभागिता रहेको थियो । चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन गरिएको रु तीन करोड ५० लाख अनुदान रकम पारदर्शी, प्रभावकारी र उपलब्धिमूलक ढंगले परिचालन गर्न कार्यविधि तयार गर्ने उद्देश्यले मन्त्रालयले सरोकारवालाको सुझाव लिएको हो ।

कार्यक्रममा सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले चलचित्र क्षेत्रको विकासमा सरकारको सहयोगलाई व्यवस्थित बनाउन स्पष्ट र व्यवहारिक कार्यविधि आवश्यक पर्ने बताए । चलचित्रसँग सम्बन्धित संस्था तथा सर्जकलाई उपलब्ध गराइने अनुदान र आर्थिक सहायता रकमको बाँडफाँट तथा खर्च प्रक्रियालाई सुव्यवस्थित, पारदर्शी, प्रभावकारी र नियमित बनाउन कार्यान्वयनयोग्य कार्यविधि आवश्यक पर्ने उनको भनाइ छ ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषय समेटिएका यथार्थपरक, मौलिक र उत्कृष्ट चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने सरकारको उद्देश्य रहेको उल्लेख गर्दै अनुदान वितरण प्रक्रियामा पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गरिनुपर्नेमा जोड दिए ।

'अनुदान रकम दुरूपयोग नहोस् र त्यस्तो अनुदान लिनका लागि प्रक्रिया अनावश्यक रूपमा झन्झटिलो नहोस् भन्ने उद्देश्यले कार्यविधि निर्माणमा पर्याप्त तयारी गर्न आवश्यक छ । नागरिकको करबाट संकलित रकम चलचित्र निर्माणमा खर्च गर्दा त्यसले देश, समाज र जनताका लागि महत्वपूर्ण योगदान गर्न सक्नुपर्छ । सोहीअनुरूप कार्यान्वयनयोग्य र प्रभावकारी कार्यविधि बनाउन सबै सरोकारवालासँग सरकारले सुझाव लिन्छ,' उनले भने ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारी स्रोतको उपयोगबाट निर्माण हुने चलचित्रले नेपालको इतिहास, संस्कृति, राष्ट्रिय पहिचान, सामाजिक मूल्य तथा समसामयिक यथार्थलाई सशक्त रूपमा प्रस्तुत गर्नुपर्ने धारणा व्यक्त गरे । सार्वजनिक लगानीको प्रतिफल समाजले प्रत्यक्ष अनुभूति गर्न सक्ने व्यवस्था कार्यविधिमार्फत सुनिश्चित गरिनुपर्ने उनको भनाइ थियो ।

अन्तरक्रियाका क्रममा चलचित्रकर्मीहरूले चलचित्र क्षेत्रलाई प्रत्यक्ष सहयोग गर्ने सरकारको नीति सकारात्मक रहेको धारणा राखे । यद्यपि, अनुदान वितरण प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्ने तथा त्यसको दुरूपयोग हुन नदिन कार्यविधिमै स्पष्ट मापदण्ड समावेश गर्नुपर्नेमा उनीहरूको जोड थियो ।

अन्तरक्रियामा सहभागीहरूले राज्यले अनुदान उपलब्ध गराएर त्यसबाट के उद्देश्य हासिल गर्न खोजेको हो भन्ने विषय कार्यविधिमा स्पष्ट उल्लेख हुनुपर्ने सुझाव दिए । त्यस्तै, कस्ता चलचित्रले अनुदान पाउने र कस्ता चलचित्र अनुदानका लागि अयोग्य हुने भन्ने स्पष्ट मापदण्ड निर्धारण गर्नुपर्ने, सरकारले प्राथमिकता दिन चाहेको चलचित्रको स्वरूप स्पष्ट हुनुपर्ने तथा मूल्यांकनका आधारहरू खुला र वस्तुगत बनाउनुपर्ने सुझाव सरोकारवालाहरूबाट आएका छन् ।

सरकारले अनुदान दिँदा पुरानो र स्थापित चलचित्र निर्मातालाई भन्दा नयाँ तथा उदीयमान चलचित्रकर्मीलाई विशेष प्रोत्साहन गर्ने व्यवस्था कार्यविधिमा गर्नुपर्ने सुझाव सरोकारवालाबाट आएका छन् । साथै पर्यटन प्रवर्द्धन, नेपाली कला-संस्कृतिको संरक्षण, राष्ट्रिय एकता, सामाजिक सद्भाव, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका विषयलाई केन्द्रमा राखेर निर्माण हुने चलचित्रलाई प्राथमिकता दिनुपर्ने सुझाव आएका छन् ।

छलफलमा सहभागीहरूले चलचित्र उद्योगलाई सिर्जनात्मक उद्योगका रूपमा विकास गर्न सरकारी प्रोत्साहन आवश्यक भए पनि त्यसको प्रभावकारिता नतिजामा आधारित हुनुपर्ने उल्लेख गरे । अनुदान प्राप्त चलचित्रको गुणस्तर, सामाजिक प्रभाव र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकनको प्रभावकारी व्यवस्था कार्यविधिमा समावेश गर्नुपर्ने सुझावसमेत प्रस्तुत गरिएको थियो ।

सरोकारवालाबाट प्राप्त सुझावलाई समेटेर कार्यविधिलाई अन्तिम रूप दिइने सञ्चार मन्त्रालयले जनाएको छ । कार्यविधि स्वीकृत भएपछि आगामी आर्थिक वर्षका लागि विनियोजित रु तीन करोड ५० लाख बजेटका आधारमा सांस्कृतिक तथा राष्ट्रिय महत्वका उत्कृष्ट चलचित्र निर्माणका लागि प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

# अदितीको बलिउडमा अर्को फड्को

**काठमाडौं (प्रस)–** नेपाली चलचित्र क्षेत्रकी चर्चित अभिनेत्री अदिती बुढाथोकी बलिउडमा पनि आफ्नो उपस्थितिलाई थप मजबुत बनाइरहेकी छन् । यसपटक उनले बलिउड अभिनेता जहीर इकबालसँग 'फरिश्ता' बोलको नयाँ म्युजिक भिडियोमा अभिनय गरेकी छन् । भिडियोमा अदिती र जहीरको रोमान्टिक जोडीले दर्शकको ध्यान आकर्षित गरेको छ । जहीर इकबाल चर्चित बलिउड अभिनेत्री सोनाक्षी सिन्हाका श्रीमान् हुन् । 'फरिश्ता' म्युजिक भिडियोमा जहीर र अदितीबीचको प्रेमिल भाव, आकर्षक प्रस्तुति र सशक्त केमेस्ट्रीलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

गायक कमल खानको स्वर रहेको 'फरिश्ता' गीतको भिडियो फिल्मी शैलीमा निर्माण गरिएको छ । फरहाद साम्जीको निर्देशनमा तयार भएको यस भिडियोमा समुन्द्री तटका मनमोहक दृश्यहरूमा जहीर र अदितीको रोमान्सलाई आकर्षक ढंगले उतारिएको छ । उत्कृष्ट छायांकन, लोकेसन र प्रस्तुतिका कारण भिडियोले दर्शकमाझ सकारात्मक प्रतिक्रिया बटुल्ने अपेक्षा गरिएको छ ।

अदिती बुढाथोकी पछिल्लो समय नेपाली चलचित्रसँगै भारतीय म्युजिक भिडियोहरूमा पनि निरन्तर सक्रिय छिन् । नेपाली चलचित्र क्षेत्रमा उनले 'कृ' र 'बाबरी' जस्ता फिल्ममार्फत आफ्नो अभिनय क्षमता प्रमाणित गरिसकेकी छन् । यस्तै, उनले अभिनय गरेका विभिन्न बलिउड तथा भारतीय म्युजिक भिडियोहरूले युट्युबलगायत डिजिटल प्लेटफर्ममा करोडौं दर्शकको साथ प्राप्त गर्दै उल्लेखनीय सफलता हासिल गरेका छन् ।


**मलेसियामा रोजगार** कम्पनी : SEA GULL FROZEN FOODSTUFFS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 341542 | चलानी नं. ६०२५४९६९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker/Factory Worker | 1 | 0 | 1700 | ६३,०८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

**बहराइनमा रोजगार** कम्पनी : THAI SEAFOOD RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०४/१३ | LT. No. 345704 | चलानी नं. ६०२५९२२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | Kitchen Helper | 3 | 0 | 140 | ५६,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter & Waitress | 2 | 2 | 160 | ६४,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

**मलेसियामा रोजगार** कम्पनी : VCF SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | पूर्व विज्ञापन स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 341378 | चलानी नं. ६०२५४६१३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guards | 18 | 0 | 1700 | ६३,०८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC 1675/080/81
**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**साउदीमा रोजगार** कम्पनी : BAROUQ AL-KHAIR AL-BARRI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 345971 | चलानी नं. ६०२५९२१६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ७३,१०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Yam Bahadur Gurung : 9801025426
श्रम ईजाजत नं. ७९४/०६५/०६६

**युएइमा रोजगार** कम्पनी : OVERSEAS FACILITIES MANAGEMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 323136 | चलानी नं. ६०२३६९८९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1. | Helper | 3 | 0 | 800 | ३३,११३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | 1200 | ४९,६६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९७/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com


## रंगशाला

# भलिबल संघको वार्षिक क्यालेण्डर सार्वजनिक

## चार अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल भलिबल संघले आर्थिक वर्ष २०८३/८४ मा चार अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ । नेपाल भलिबल संघ (एनभिए)ले सार्वजनिक गरेको वार्षिक क्यालेन्डरमा काभाका तीन र त्रिदेशीय प्रतियोगितागरि कूल चार अन्तर्राष्ट्रिय प्रतियोगिता घरेलु भूमिमा आयोजना हुने कुरा उल्लेख छ । संघले सोमबार राजधानीमा पत्रकार सम्मेलन आयोजना गर्दै वार्षिक क्यालेन्डर सार्वजनिक गरेको हो ।




क्यालेन्डरअनुसार नेपालले नोभेम्बर १ देखि ७ (कार्तिक १५ देखि २१ गतेसम्म) सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला च्याम्पियन्स लिग आयोजना गर्नेछ । त्यस्तै पुरुषतर्फ विश्व वरीयता अंकका लागि हुने काभा भलिबल च्याम्पियनसिपमा नेपालले विदेशी टोलीहरूको आतिथ्यता गर्नेछ ।

यसैगरी संघले पुरुषतर्फ नै काभा च्यालेन्ज कप आयोजना गर्ने जनाएको छ । पुरुषका यी दुई प्रतियोगिता कहिले हुन्छ भन्ने कुरा भने उल्लेख गरिएको छैन । त्रिदेशीय प्रतियोगितामा पुरुष र महिलामध्ये कसले खेल्छ भन्ने यकिन भइनसकेको संघले जनाएको छ । सबै प्रतियोगिताहरू काठमाडौंमा हुनेछन् ।

एनभिएका अध्यक्ष जितेन्द्र बहादुर चन्दका अनुसार अन्य देशको तुलनामा भिसा प्राप्तिको समस्या नहुने भएकाले नेपालले प्रतियोगिता आयोजनाको सौभाग्य प्राप्त गरेको हो ।

'भारतमा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदा पाकिस्तानको सहभागिता नरहने, भर्खरै पाकिस्तानले आयोजना गरेको काभा च्याम्पियनसिपमा अफगानिस्तान खेल्नबाट बञ्चित रह्यो । कसैको भिसा त कसैको जियो पोलिटिक्सको समस्या । त्यसकारण सबैभन्दा राम्रो न्युट्रल भेन्यू नेपाल नै हो भनेर सदस्य राष्ट्रहरू कन्भिन्सड छन्,' चन्दले भने, 'सम्भवतः हामी फेब्रुअरीतिर पुरुषका अन्तर्राष्ट्रिय प्रतियोगिताहरू गर्छौं ।'

चन्दले संघको वार्षिक क्यालेन्डरअनुसार सरोकारवालाहरूले उनीहरूको तालिका मिलाउने कुरा उल्लेख गरे । मोफसलका आयोजकहरूले एनभिएको क्यालेन्डर हेरेर खेलतालिका मिलाउनु पर्ने भएकाले उल्लेखित कार्यक्रमहरूको आयोजना केहि तल-माथि हुन सक्ने तर्क गरे । यसबीच उनले प्रतियोगिता आयोजना र संघको जिम्मेवारीमा शंका नगर्न पनि आग्रह गरे ।

'चार वर्षयता हामी नेतृत्वमा आएदेखि हामीले क्यालेन्डरमा समावेश सबै प्रतियोगिताहरू आयोजना गरिरहेका छौं । विगतका दिन पनि क्यालेन्डरमा उल्लेखित कार्यक्रमहरू पूरा हुन्छन् कि हुँदैनन् भन्ने प्रश्न उठेका थिए । त्यतिबेला पनि हामीले संघमाथि प्रश्न खडा गर्ने मौका दिएका थिएनौं । यसपाली पनि दिन्नौं,' चन्दले दाबी गरे ।

अन्तर्राष्ट्रिय आयोजनाबाहेक संघले आसन्न २०औं एसियाली खेलकुद र भुटानमा हुने काभा बीच भलिबल टूर (महिला/पुरुष) लाई पनि समावेश गरेको छ । सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म जापानमा हुने एसियाली खेलकुदमा महिला भलिबलले सहभागिता जनाउँदैछ । बीच भलिबल पनि सेप्टेम्बरमै हुने तालिका छ । क्यालेन्डरमा माल्दिभ्समा हुने काभा बीच भलिबल टूरको अर्को संस्करणलाई पनि समावेश गरिएको छ ।

क्यालेन्डरका अनुसार घरेलु प्रतियोगिताअन्तर्गत सिनियरतर्फ ३५औं राष्ट्रिय पुरुष तथा २५औं राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुर्खेतमा आयोजना हुनेछ । यसैगरी १०औं एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिप, फ्रेन्चाइज लिगका दुई प्रतियोगिताहरू- एभरेष्ट महिला भलिबल लिग र पुरुषको नेपाल भलिबल लिग काठमाडौंमा हुनेछन् ।

क्यालेन्डरमा ११औं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिग र ७औं महिला तथा आठौं पुरुष राष्ट्रिय बीच भलिबल पनि समावेश छन् । संघले यी प्रतियोगिताहरू कता हुन्छन् भन्ने निर्णय गरिसकेको छैन । उमेर समूहतर्फ यु-१९ महिला तथा पुरुष राष्ट्रिय भलिबल लिग काठमाडौंमा हुनेछ । यु-१८ अन्तर विद्यालय भलिबल प्रतियोगिता पनि उल्लेख गरिएको छ ।

त्यस्तै काभा यु-१६ भलिबल च्याम्पियनसिप, राष्ट्रिय रेफ्री कार्स/रिफ्रेसर कोर्स, कोचेज कोर्स र मैत्रीपूर्ण खेललाई पनि क्यालेन्डरमा समावेश गरिएको छ । अध्यक्ष चन्दका अनुसार कूल १९ वटा वार्षिक कार्यक्रमको अनुमानित लागत २० करोड छ । पत्रकार सम्मेलनमा चन्दसँगै महासचिव रोशन श्रेष्ठ, उपाध्यक्ष युवराज श्रेष्ठलगायतको उपस्थिति थियो ।


**ककनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**ककनी गाउँपालिका भएर बग्ने कोल्पू खोला, चाउथे खोला, घट्टे खोला, झाक्री खोला, दोभान खोला, छहरे खोला, मझुवा झलटोल खोला, लाकुरे सिमल ढुंगेन खोला, सिन्दुरे खोला, ढाडै दोभान खोला, पातले खोला र बालुवा खोला किनारबाट दिगो रूपमा ढुङ्गा, गिट्टी र वालुवा उत्खनन तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८३/०४/१९)**

बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रानीपौवा नुवाकोट द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | राजश्व शाखा, ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रानीपौवा, नुवाकोट<br>सम्पर्क नं: ०१०-४११०२२, ४११०५५, ईमेल : info@kakanimun.gov.np |
| **प्रस्तावको व्यहोरा** | ककनी गाउँपालिका भएर बग्ने कोल्पू खोला, चाउथे खोला, घट्टे खोला, झाक्री खोला, दोभान खोला, छहरे खोला, मझुवा झलटोल खोला, लाकुरे सिमल ढुंगेन खोला, सिन्दुरे खोला, ढाडे दोभान खोला, पातले खोला र बालुवा खोला किनारका विभिन्न बगर क्षेत्रहरूबाट दैनिक १०० देखि ३०० घ.मि. सम्म ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा संकलन तथा निकासी गर्ने योजना रहेको छ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./न.पा./वडा** | बागमती प्रदेश, नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं २,३,४,५,७ र ८ |

माथि उल्लिखित प्रस्तावहरूको गर्न वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा परिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र संस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न ककनी गाउँपालिका वडा समिति तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य संस्था, तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले सुचना प्रकाशित मितिबाट सात दिन भित्र लिखित राय सुझाव तथा प्रतिक्रिया पठाईदिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| राजश्व शाखा<br>गाउँ कार्यपालिकाको कार्यालय<br>ककनी गाउँपालिका रानीपौवा, नुवाकोट<br>सम्पर्क नं: ०१०-४११०२२, ४११०५५, ईमेल : info@kakanimun enunn | तिलिचो ईन्जिनियरीङ्ग सर्भिसेज प्रा.लि.<br>धर्मस्थली मार्ग, पोखरा-५, कास्की<br>फोन : +९७७-९८५१२०१५८१ |



मोरक्कोबाट स्पेन प्रवेश गरेका आप्रवासीहरू सोमबार सेउटाको स्पेनी एन्क्लेभस्थित समुद्र तटमा भेला भएर आगो ताप्दै । *तस्बिर: एपी*

# बंगलादेशको दादुरा प्रकोपका कारण विपन्नलाई थप ऋणको भार

**ढाका–** बंगलादेशमा दशकौंमा सबैभन्दा घातक दादुरा प्रकोपले सयौं बालबालिकाको ज्यान लिएको छ । यसले विपन्न परिवारहरूमा गम्भीर आर्थिक असर पारेको सहायता समूहहरूले सोमबार चेतावनी दिएका छन् ।

स्वास्थ्य विभागको तथ्यांकअनुसार मार्च १५ देखि अगस्टको सुरूसम्म कम्तीमा दादुरा प्रभावित ८४४ बालबालिकाको मृत्यु भएको छ भने एक लाख १२ हजारभन्दा बढी मानिसले यस रोकथाम योग्य रोगका लागि अस्पतालमा उपचार गराएका छन् ।

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट समाजहरूको महासंघ (आइएफआरसी) र बंगलादेश रेडक्रिसेन्ट सोसाइटीका अनुसार दादुराबाट प्रभावित १० मध्ये नौ परिवारले चिकित्सा खर्च धान्न ऋण लिन बाध्य भएका थिए । ढाकास्थित आइएफआरसी प्रमुख अल्बर्टो बोकानेग्राले भने, 'यो दादुरा स्वास्थ्य संकटको असर अस्पतालको ढोकामामात्र सीमित रहँदैन, किनकि परिवारहरू प्रायः गम्भीर आर्थिक कठिनाइको सामना गर्छन् ।'

उनले अगाडि भने, 'सार्वजनिक स्वास्थ्यको आपत्कालीन अवस्थामा मानवीय सहायता र बलियो सामाजिक सुरक्षा प्रणाली दुवै आवश्यक छन् ।'

समूहहरूले १२ वटा सरकारी स्वास्थ्य सुविधामा आफ्ना बच्चाको उपचार गराएका दुई हजार ७४६ परिवारको मूल्यांकन गरेका थिए । अस्पतालको उपचार निःशुल्क भए पनि सम्बन्धित खर्च चाँडै बढ्न सक्छ । सर्वेक्षण गरिएका परिवारमध्ये ३५ प्रतिशतलाई औषधिको खर्चका लागि आर्थिक सहयोग उपलब्ध गराइएको थियो भने २२ प्रतिशतलाई खाना उपलब्ध गराइएको थियो ।

धेरै प्रभावित परिवार गरिब समुदायका रहेको र उनीहरू अनौपचारिक काममा निर्भर रहेका पाइएको छ । उनीहरू विभिन्न कामबाट मासिक ४८ देखि १६० डलर कमाउँछन् । मूल्यांकनअनुसार प्रकोपबाट प्रभावित परिवारहरूले उपचार र सम्बन्धित खर्चमा औसत १३० डलरभन्दा बढी खर्च भएको थियो ।

मूल्यांकनका लागि सर्वेक्षण गरिएकी एक महिला हजेरा खातुनले भनिन्, 'सरकारी अस्पतालको उपचार निःशुल्क छ, तर अन्य खर्च कभर हुँदैन ।' उनले ढाकाको अस्पताल पुग्न एम्बुलेन्स भाडामा लिँदा करिब २०० डलर खर्च गरेको बताइन् ।

धेरै हेरचाहकर्ताहरूले बिरामी बच्चाको हेरचाह गर्न लामो समय अस्पतालमै बस्नुपरेका कारण जागिर गुमाएको पनि रिपोर्ट गरेका छन् । बंगलादेश रेडक्रिसेन्ट सोसाइटीका महासचिव कबीर एम अशरफ आलमले भने, 'मूल्यांकनले धेरै परिवारले स्वास्थ्य संकटमात्र होइन, गम्भीर आर्थिक दबाब पनि भोगिरहेका देखाउँछ ।'

दादुरा अत्यन्त संक्रामक रोग हो, जुन खोकी र हाच्छ्युँमार्फत फैलिन्छ र एकपटक लागेपछि यसको कुनै विशेष उपचार छैन । जटिलतामा मस्तिष्क सुन्निने र गम्भीर सास फेर्ने समस्या समावेश हुन सक्छ । यो रोग जोसुकैलाई लाग्न सक्छ तर बालबालिकामा सबैभन्दा बढी देखिन्छ ।


सन् २०२४ को सरकारविरोधी विद्रोहको अराजकताका क्रममा र त्यसपछि खोप अभियानमा आएको कमीले ठूलो संख्यामा बालबालिकालाई असुरक्षित बनाएको छ । कूल १७ करोड जनसंख्या भएको यस दक्षिण एसियाली राष्ट्रले अहिले भने प्रकोप नियन्त्रण गर्न व्यापक खोप अभियान सुरु गरेको छ । तर बालबालिका अझै संक्रमित हुँदै र यस रोगबाट मर्दै छन् । आइतबारमात्र चार बालबालिकाको दादुराको संक्रमणका कारण मृत्यु भएको आशंका गरिएको छ । *रासस/एएफपी*

# सियोलमा 'गम्भीर उष्ण लहरको चेतावनी' जारी

**सियोल–** दक्षिण कोरियाको मौसम पूर्वानुमान निकायले सोमबार नयाँ प्रणालीअन्तर्गत पहिलोपटक सियोलका लागि 'गम्भीर उष्ण लहरको चेतावनी' जारी गरेको छ । सियोलले यो वर्षदेखि मौसमी अवस्थालाई वर्गीकरण गर्न सुरु गरेपछि अत्यधिक तापक्रमबारे जनतालाई सचेत गराउन यो पहिलो यस्तो चेतावनी जारी गरिएको हो ।

शुक्रबार, शनिबार र आइतबार देशव्यापी गर्मीको नयाँ कीर्तिमान कायम भएको हो । सियोलमा तापक्रम ४२.५ डिग्री सेल्सियससम्म पुगेपछि करिब ३०० जना अस्पताल भर्ना भएका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । सोमबार पनि चर्को गर्मी जारी रह्यो, यद्यपि सप्ताहन्तको सर्वकालीन कीर्तिमान भने तोडिएन ।

कोरिया मौसम प्रशासनले सियोलका लागि पहिलो 'गम्भीर उष्ण लहरको चेतावनी' जारी गर्दै नौ लाख जनसंख्या भएको यस सहरका केही जिल्लामा आगामी




दिनमा अझै चर्को तापक्रम हुनसक्ने बताएको छ । मौसम पूर्वानुमान निकायका अनुसार सोमबार केही जिल्लामा 'अनुभूत' तापक्रम ३५ डिग्री सेल्सियस पुगेको दोस्रो लगातार दिन थियो र मंगलबार बिहान ११ बजेदेखि ३८ डिग्री सेल्सियससम्म पुग्ने पूर्वानुमान छ ।

गर्मीको चेतावनीमा भनिएको छ, 'बाहिरी गतिविधि र काम सकेसम्म रोक्नुपर्छ वा स्थगित गर्नुपर्छ । व्यक्तिहरूले वातानुकूलित भित्री स्थान वा तोकिएका गर्मीबाट राहत हुने आश्रयस्थलजस्ता चिसो ठाउँमा जानुपर्छ ।'

राजधानीका पैदलयात्रीहरू सोमबार बिहानको तुलनात्मक रूपमा चिसो घडीमा पनि प्रत्यक्ष घामबाट बच्दै ओझेलको सहारामा हिँडेर काममा गएका पाइन्थ्यो । दक्षिण कोरियामा यो वर्षदेखि नयाँ प्रणालीअनुसार 'गम्भीर गर्मीको रेकर्ड राख्न' सुरु गरिएको छ, जुन अन्य देशहरूले ल्याएका यस्तै वर्गीकरणसँग मिल्दोजुल्दो छ ।

जापानी सहरहरूले यस गर्मीमा 'अत्यधिक तातो दिनहरू' अनुभव गरेका छन्, जुन टोकियोले ४० डिग्री सेल्सियसभन्दा माथिको तीव्र गर्मीका दिनहरूलाई जनाउन प्रयोग गर्ने नयाँ मौसमी शब्द हो । मानव-प्रेरित जलवायु परिवर्तनका कारण गर्मी लहर जस्ता चरम मौसमी घटनाहरू अझ बारम्बार र तीव्र बन्दै गएका वैज्ञानिकहरूले चेतावनी दिएका छन् । *रासस/एएफपी*

# येनलाई टेवा दिन अमेरिका र जापानद्वारा संयुक्त हस्तक्षेप

**टोकियो–** जापान र संयुक्त राज्य अमेरिकाले येनको विनिमय दरलाई स्थिर बनाउन संयुक्तरूपमा विदेशी विनिमय बजारमा हस्तक्षेप गरेको पुष्टि गरेका छन् ।

सन् १९९८ यता येन खरिदका लागि दुवै देशले संयुक्त रूपमा गरेको यो पहिलो हस्तक्षेप हो भने सन् २०११ पछि समन्वयात्मक रूपमा गरिएको पहिलो मुद्रा हस्तक्षेप हो । जापान र अमेरिकाबीचको ब्याजदरको ठूलो अन्तर तथा जापानको बढ्दो सार्वजनिक ऋणसम्बन्धी चिन्ताका कारण येन हालै चार दशकयताकै कमजोर अवस्थामा पुगेको थियो । गत महिना अमेरिकी डलरको तुलनामा येन १६३.९९ मा झरेपछि दुवै देशले बजारमा हस्तक्षेप गरेका हुन् ।

शुक्रबार गरिएको संयुक्त हस्तक्षेपको आकार सार्वजनिक गरिएको छैन । यसअघि सन् २०११ मा जापानमा आएको विनाशकारी भूकम्पपछि जी-७ राष्ट्रहरूले संयुक्तरूपमा येन बिक्री गरेर यसको अत्यधिक मूल्यवृद्धि रोक्ने प्रयास गरेका थिए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार 'एयर फोर्स वान'मा सञ्चारकर्मीसँग कुरा गर्दै संयुक्त हस्तक्षेपको पुष्टि गरे । उनले यसलाई जापानसँगको मित्रताको प्रतीक तथा विश्व अर्थतन्त्रका लागि सकारात्मक कदम भएको बताए ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले आवश्यक परे भविष्यमा पनि जापानसँग संयुक्त हस्तक्षेप गर्न अमेरिका तयार रहेको बताए । उनका अनुसार अमेरिकी प्रशासनले येनको अत्यधिक अवमूल्यन रोक्न जापानले अपनाएको मौद्रिक तथा बजार नीतिलाई समर्थन गरेको छ ।

जापानी अर्थमन्त्री सात्सुकी कातायामाले संयुक्त हस्तक्षेपले हालका महिनाहरूमा देखिएको येनको अत्यधिक उतारचढाव नियन्त्रण गर्न सहयोग पुगेको बताए । उनका अनुसार सन् १९९८ पछि जापान र अमेरिकाले समन्वयात्मकरूपमा येन खरिद गरेको यो पहिलो अवसर हो ।

हस्तक्षेपपछि शुक्रबार येनको मूल्य प्रतिडलर १५७.४० मा पुगेको थियो भने सोमबार केही समयका लागि १५५.२३ सम्म बलियो बनेको थियो । बजारमा आवश्यक परे थप हस्तक्षेप हुन सक्ने अनुमान गरिएको छ । कमजोर येनले सोनी र टोयोटाजस्ता जापानी निर्यातकर्तालाई प्रतिस्पर्धात्मक लाभ दिलाए पनि ऊर्जा तथा कच्चा पदार्थ आयातमा निर्भर जापानका लागि आयात लागत बढाउने गरेको छ । *रासस/एएफपी*

# बौद्ध आस्थासँगै थाइल्याण्डमा बढ्दै मदिरामुक्त जीवनको अभियान

**सामुत साखोन–** हात जोडेर र शिर निहुराउँदै वासाना नाक-उम्माले तीन महिनासम्म मदिरा सेवन नगर्ने संकल्प गरिन् । सार्वजनिक स्वास्थ्य र आध्यात्मिकतालाई जोड्ने मदिरा त्याग अभियानमा सहभागी हुने लाखौं थाई नागरिकमध्ये उनी पनि एक हुन् ।

बैंकककोे पश्चिममा रहेको सामुत साखोनस्थित एक बौद्ध मन्दिरमा संकल्प गरेकी ४२ वर्षीया वासानाले आफू विगतमा अत्यधिक मदिरा सेवन गर्ने गरेको बताइन् । 'म यति धेरै मदिराले मात्थेँ कि मेरा छोराछोरीले मेरो हेरचाह गर्नुपर्थ्यो,' वासनाले एएफपीसँग भनिन् ।

एक आफन्तको आग्रहमा उनी 'खाओ फान्सा'को अवसरमा मदिरा त्याग अभियानमा सहभागी भएकी हुन् । यो बौद्ध धर्मावलम्बीहरूको तीन महिने आत्मचिन्तन र अनुशासनको अवधि हो, जसलाई क्रिस्चियन धर्मको 'लेन्ट' पर्वसँग तुलना गरिन्छ ।

'सुरुमा मलाई अझै मदिरा पिउने इच्छा हुन्थ्यो । पसलमा रक्सी वा बियर किनेका मानिस देख्दा मलाई पनि पिउन मन लाग्थ्यो,' उनले भनिन्, 'तर मैले आफैंलाई सम्झाएँ-यो केवल तीन महिनाको कुरा हो ।'

सन् २०२४ मा पहिलोपटक तीन महिना मदिरा त्यागेकी वासानाले त्यसपछि पुनः मदिरा सेवन सुरु गरे पनि मात्रा घटाइन् । यस वर्ष उनी लगातार तेस्रोपटक मदिरा त्यागको संकल्प गर्न सामुत साखोनमा आयोजित कार्यक्रममा सहभागी भएकी हुन् ।

बौद्ध धर्ममा मदिरा तथा अन्य मादक पदार्थबाट टाढा रहनुलाई महत्त्वपूर्ण अनुशासनका रूपमा लिइन्छ । तर विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को २०२४ को तथ्यांकअनुसार ९० प्रतिशतभन्दा बढी जनसंख्या बौद्ध धर्मावलम्बी रहेको थाइल्याण्ड एसियामा प्रतिव्यक्ति मदिरा सेवनको दर उच्च भएका मुलुकमध्ये एक हो ।




यही अवस्थालाई सम्बोधन गर्न सन् २००३ मा 'बौद्ध लेन्ट' अभियान सुरु गरिएको थियो । गत वर्ष यस अभियानमा ८० लाखभन्दा बढी मानिस सहभागी भएका आयोजकहरूले बताएका छन् ।

## आध्यात्मिक प्रेरणा

यस वर्ष 'खाओ फान्सा' सामुत साखोनको ग्रामीण क्षेत्रमा धार्मिक तथा सांस्कृतिक कार्यक्रमसहित मनाइएको थियो । कार्यक्रममा भिक्षुलाई दान दिने, परम्परागत नृत्य प्रस्तुत गर्ने र मदिरा त्यागको प्रतिज्ञा गर्ने कार्यक्रम आयोजना गरिएको थियो । दर्जनौं मानिसले स्थानीय 'सालेङ' (साइडकार जडित स्कुटर) मा ऱ्याली निकाल्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गरेका थिए ।

६६ वर्षीय फायोम रक्षाले छ वर्षअघि अभियानमा सहभागी भएपछि मदिरा पूर्णरूपमा त्यागेको बताए । 'मेरा छोराछोरी मप्रति लज्जित हुन्थे, किनकि म दैनिक मातेर हिँड्थेँ र उनीहरूको वास्ता गर्दैनथेँ,' उनले भने । फायोमले विगतमा आफ्नो अधिकांश पैसा मदिरामै खर्च हुने गरेको बताए ।

उनले अहिले अरूलाई पनि मदिरा त्यागका लागि प्रयास गर्न आग्रह गर्दै भने, 'सबैले मैले जस्तै प्रयास गरून् र सकारात्मक परिवर्तनतर्फ अघि बढून् भन्ने मेरो चाहना हो ।'

## स्वास्थ्यसँग जोडिएको अभियान

विश्वका विभिन्न देशमा स्वास्थ्य सुधारका लागि मदिरा सेवन घटाउने वा त्याग्ने अभियान बढ्दै गएका छन् । थाइल्याण्डको 'बौद्ध लेन्ट' अभियानले भने धार्मिक तथा आध्यात्मिक आधारमार्फत मानिसलाई प्रेरित गर्ने गरेको अभियानका क्षेत्रीय स्वयंसेवक उबोलवान कोंगसावाङले बताए । 'जब मानिसहरूले बुद्धको प्रतिमासामु, मन्दिरमा वा समुदायमा प्रतिज्ञा गर्छन्, उनीहरू आफ्नो वचन पूरा गर्न थप प्रतिबद्ध हुन्छन्,' उनले भने ।

अभियानका आयोजकहरूले यस वर्ष मदिरा पूर्णरूपमा त्याग्नुभन्दा पनि सेवन घटाउँदा हुने स्वास्थ्य लाभ, पारिवारिक सम्बन्धमा सुधार र आर्थिक बचतबारे जनचेतना फैलाउने रणनीति अपनाएका छन् । सरकारी निकाय थाई स्वास्थ्य प्रवर्द्धन फाउन्डेसनका निर्देशक डा. पोङथेप वोङवाचरापाइबुनले भने, 'हाम्रो लक्ष्य सबैले पूर्णरूपमा मदिरा त्याग्नुपर्छ भन्ने होइन । धेरै मानिसले सेवन घटाउँछन् र त्यसबाट हुने स्वास्थ्य लाभ अनुभव गर्छन्, जुन आफैंमा सफलता हो ।'

'स्टप ड्रिंकिङ नेटवर्क' की प्रमुख तीरा वाचराप्रानीले अभियानको उद्देश्य व्यक्तिगतरूपमा मदिरा सेवन घटाउनु मात्र नभई समाजमा रहेको मदिरा सेवनको संस्कृतिमा परिवर्तन ल्याउनु रहेको बताइन् । 'हामी पिउने संस्कृतिलाई परिवर्तन गर्न खोजिरहेका छौं, केवल व्यक्तिगत सेवन घटाउन होइन,' उनले भनिन्, 'हाम्रो प्रयास बौद्ध लेन्टको अवधिभन्दा बाहिर पनि जारी रहने छ, ताकि समुदायहरूले दैनिक जीवनमा मदिरा कम गर्न सकून् ।' *रासस/एएफपी*

# सैन्य 'कू' पछि पहिलो पटक सुचीको विदेशी प्रतिनिधिसँग भेट

**यांगुन–** म्यानमाकी नजरबन्दमा रहेकी लोकतान्त्रिक नेतृ आङ सान सुचीले सोमबार अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसी)का प्रतिनिधिसँग भेटवार्ता गरेको राष्ट्रपति कार्यालयले जनाएको छ ।

सन् २०२१ मा भएको सैन्य 'कू' पछि सुची र कुनै विदेशी प्रतिनिधिबीच भएको यो पहिलो सार्वजनिक भेटवार्ता हो । राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'म्यानमास्थित आइसिआरसीका आवासीय प्रतिनिधि आर्नोद डे बाकले आज (सोमबार) बिहान दाव आङ सान सुचीलाई भेट गर्नुभयो ।'

सेनाले सन् २०२१ फेब्रुअरीमा सुची नेतृत्वको निर्वाचित सरकार अपदस्थ गरेपछि उनलाई पक्राउ गरी विभिन्न आरोपमा जेल चलान गरेको थियो । उक्त घटनापछि म्यानमामा गृहयुद्ध चर्किएको छ ।

सैन्य सरकारले गराएको सीमित र नियन्त्रित निर्वाचनपछि अप्रिलमा सैन्य प्रमुख मिन आङ ह्लाइङलाई नागरिक राष्ट्रपति बनाइएको थियो । त्यसको केही समयपछि उनले सुचीको बाँकी सजाय घटाएर उनलाई घरमै नजरबन्दमा राख्ने निर्णय गरेको थियो । *रासस/एएफपी*

**माइग्रेसन हराएको सूचना**

मिति २०८३/०३/१० गते सिनामंगल भत्केको पुलदेखि पुतलीसडकसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+ 2) तहको माइग्रेसन प्रमाणपत्र हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : दिप्ती बस्नेत**
**रजिस्ट्रेसन.नं. : ७५२७२९३८७**
**सिम्बोल नं. : २२७०६८०५**
**ठेगाना : काठमाडौँ**
**सम्पर्क नं. : ९८५०२८९७६**

**राहदानी हरायो**

मिति २०८३/०४/१७ गते काठमाडौं, ग्वार्कोबाट बेशीगाउँ जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **पासाङ वाइबा**
राहदानी नं : **PA5156627**
ठेगाना : **बेशीगाउँ, जोरीपाटी, काठमाडौं**
फोन नं : **९८६०५७१०५५**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/१० गते बिहान अ.३:०० देखि ४:०० बजेको समयमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं ११, तापाहिटी स्थित विक्रम महर्जनको घर अगाडी पार्किङ्ग गरेर राखेको बागमती प्रदेश ०२ ०६१ प ५७६४ को रातोकालो रङ्गको २२० सिसि बजाज कम्पनीको मोटरसाइकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: प्रदिप खड्का
ईन्जिन नं.:**DKXCSC29546**
च्यासिस नं.:**MD2A13EX0SCD84904**
सम्पर्क नं.: **9869568333**

**सच्याईएको सूचना**

२०८३/०४/१४ मा प्रकाशित सिपाहीडाडाँ सामुदायिक वन उपभोक्त समूह हरिहरपुर गढी गा.पा.-०१, सिन्धुलीको शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको प्रथम पटक प्रकाशित सूचनामा समूहको नाम सिपाहीडाडाँ हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याईएको छ ।

**- अध्यक्ष**
**सिपाहीडाँडा सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा-०१, सिन्धुली**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४००० | प्रति तोला – ० | प्रति तोला – ४३५० |

## 'साना तथा मझौला उद्योग जोगाउन पुनरुत्थान कार्यक्रम आवश्यक'

■ प्रभाव संवाददाता




**काठमाडौं–** पूर्वअर्थमन्त्री रामेश्वर खनालले कोभिड-१९ पछि थलिएका मुलुकका सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) को पुनरुत्थानका लागि बिमा, कर्जा र नीतिगत संरचनामा व्यापक सुधार हुन आवश्यक रहेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार (समाज), नेपाल बिमा प्राधिकरण र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) ले सोमबार आयोजना गरेको 'रिस्क म्यानेजमेन्ट इन नेपाल्स एमएसएमइज' अध्यन प्रतिवेदन सार्वजनिक तथा नीतिगत छलफल' कार्यक्रममा पूर्वअर्थमन्त्री खनालले आर्थिक संकटको सामना गरिरहेको 'एमएसएमई' को संरक्षण र प्रवर्द्धनका लागि नीतिगत सुधार आवश्यक रहेको बताएका हुन् ।

अर्थतन्त्रमा एमएसएमईको भूमिका महत्त्वपूर्ण भए पनि जोखिम व्यवस्थापन र वित्तीय पहुँचको अभावमा यस क्षेत्र कमजोर बनेको उल्लेख गर्दै उनले कृषि बिमा कार्यक्रममा सरकारले ७५ प्रतिशतसम्म 'प्रिमियम' अनुदान दिए पनि किसानले त्यसको पर्याप्त लाभ लिन नसकेको अवस्थामा गरिब किसानलाई सुरुमा शतप्रतिशत प्रिमियम सरकारले बेहोर्ने र क्षतिपूर्ति पाउँदा मात्रै किसानले आफ्नो हिस्सा तिर्ने जस्ता नवीन व्यवस्था लागू गर्न सुझाव दिए ।

'सार्वजनिक प्रतिवेदनमा नेपालमा रहेका करिब नौ लाख एमएसएमईमध्ये १० प्रतिशतले मात्रै बिमाको पहुँच पाएको र बाँकी ९० प्रतिशत कुनै पनि जोखिमबाट असुरक्षित अवस्थामा रहेको देखियो ।', पूर्वअर्थमन्त्री खनालले भने, 'कोभिड-१९ पछि पर्यटन र निर्माणजस्ता क्षेत्र क्रमशः पुनरुत्थानतर्फ उन्मुख भए पनि एमएसएमई भने अझै संकटमै छ, यही अवस्थाले बैंक तथा वित्तीय संस्थामा खराब कर्जा र गैरबैंकिङ सम्पत्ति बढाउन योगदान पुगेको छ ।'

उक्त अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव कल्पना श्रेष्ठले लघु, साना तथा मझौला उद्यमको प्रवर्द्धनका लागि सरकारले सञ्चालन गरिरहेका विभिन्न कार्यक्रमलाई एकीकृत गर्दै बिमाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए ।


उनले नेपालमा करिब नौ लाख २३ हजार एमएसएमईमध्ये झण्डै ५० प्रतिशत अनौपचारिक क्षेत्रमा रहेकाले बिमाको दायराबाहिर समेटिएको र समग्र बिमा पहुँच करिब १० प्रतिशतमा सीमित भएको अवस्थालाई मध्यनजर गरी उद्यम प्रवर्द्धनका लागि सरकारले स्टार्टअप कर्जा, मेडपा कार्यक्रम, उत्पादनमा आधारित प्रोत्साहन, राष्ट्रिय उद्यम सुविधालगायतका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए ।

त्यसैगरी संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) नेपालकी आवासीय प्रतिनिधि क्योको योकोसुकाले सूक्ष्म, साना तथा मझौला उद्यम नेपालको अर्थतन्त्रको मेरुदण्ड भए पनि बढ्दो जलवायु तथा आर्थिक जोखिमका कारण सबैभन्दा बढी प्रभावित हुने क्षेत्रमा परेको बताइन् ।

नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले सूक्ष्म, साना तथा मझौला उद्यमलाई विभिन्न जोखिमबाट जोगाउन बिमा प्रणालीलाई थप समावेशी, आधुनिक र प्रभावकारी बनाउन आवश्यक रहेको बताए । उनले प्राकृतिक विपद्, जलवायु परिवर्तन, वित्तीय संकट, साइबर जोखिम र स्वास्थ्य आपत्कालीन अवस्थाजस्ता जोखिमबाट एमएसएमई सबैभन्दा बढी प्रभावित हुने भएकाले प्रभावकारी जोखिम व्यवस्थापन अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

## राष्ट्र बैंक ऐनमा 'डिजिटल करेन्सी'

■ प्रभाव संवाददाता


नेपाल राष्ट्र बैङ्क ऐन, २०५८

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार

**काठमाडौं–** नेपाल राष्ट्र बैंक ऐन, २०५८ संशोधन विधेयकमा 'डिजिटल करेन्सी'लाई कानुनी मुद्राका रूपमा समेट्ने व्यवस्था गरिएको छ । निजी रूपमा जारी हुने क्रिप्टो तथा भर्चुअल करेन्सीलाई भने करेन्सी वा कानुनी ग्राह्य मुद्रा नमानिने स्पष्ट उल्लेख गरिएको छ ।

प्रतिनिधि सभाअन्तर्गतको अर्थ समितिको सोमबारको बैठकमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफलका क्रममा डिजिटल करेन्सीको अर्थ र कानुनी दायराबारे छलफल भएको हो । सो अवसरमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक दीर्घ रावलले डिजिटल करेन्सीको व्यवस्था राख्दा केन्द्रीय बैंक डिजिटल करेन्सी (सीबीडीसी) समेटिने बताए ।

क्रिप्टो तथा भर्चुअल करेन्सीलाई भने राष्ट्र बैंक ऐनमा समेटिरहन आवश्यक नरहेको उनले स्पष्ट पारे । कार्यकारी निर्देशक रावलका अनुसार क्रिप्टो तथा भर्चुअल करेन्सीसँग सम्बन्धित विषय सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनबाट सम्बोधन भइसकेका छन् ।

अर्थ सचिव डा. घनश्याम उपाध्यायले डिजिटल करेन्सी र डिजिटल बैंकिङ प्रणालीलाई एउटै विषयका रूपमा परिभाषित गर्न आवश्यक नरहेको बताए । डिजिटल करेन्सीको स्वरूप र सञ्चालन प्रणाली त्यसकै पद्धतिभित्र पर्ने भएकाले छुट्टै डिजिटल करेन्सी प्रणाली उल्लेख गर्न आवश्यक नरहेको उनको भनाइ थियो ।

सचिव डा. उपाध्यायले आवश्यक स्पष्टताका लागि नेपाल राष्ट्र बैंकले तोकेको डिजिटल करेन्सी भन्ने व्यवस्था गर्न सकिने सुझाव दिए । करेन्सी मूलतः केन्द्रीय बैंकसँग सम्बन्धित विषय भएकाले डिजिटल करेन्सी भन्नाले केन्द्रीय बैंकले जारी वा तोकेको डिजिटल मुद्रा बुझिने उनले स्पष्ट पारे ।

संशोधन प्रस्तावमा ऐनको दफा २ को उपदफा ४ को खण्ड (झ) मा 'करेन्सी' भन्नाले नगदका रूपमा चलनचल्तीमा रहेको बैंक नोट सम्झनुपर्ने र सो शब्दले सिक्का तथा बैंकबाट जारी भएको डिजिटल करेन्सीसमेत जनाउने व्यवस्था गरिएको छ । हालको ऐनमा भने बैंक नोट र सिक्कालाई मात्र करेन्सीको परिभाषामा समेटिएको छ ।

त्यसअघि संशोधनकर्तारले केन्द्रीय बैंक डिजिटल मुद्रा (सीबीडीसी)' भन्नाले बैंकले जारी गर्ने डिजिटल स्वरूपको कानुनी ग्राह्य मुद्रा सम्झनुपर्ने र सो शब्दले डिजिटल बैंकिङ प्रणालीसमेत जनाउने व्यवस्था प्रस्ताव गरेका थिए । संशोधनकर्ताबाट बैंकबाट जारी भएको डिजिटल करेन्सी भन्नाले नेपाल राष्ट्र बैंकद्वारा जारी, नियन्त्रण र निपटान गरिएको केन्द्रीय बैंक डिजिटल करेन्सी (सीबीडीसी) सम्झनुपर्ने तथा निजी रूपमा जारी हुने भर्चुअल करेन्सी वा क्रिप्टो करेन्सीलाई ऐनको प्रयोजनका लागि करेन्सी वा कानुनी ग्राह्य मुद्रा नमानिने व्यवस्था राख्न सुझाव दिइएको थियो ।

## महासंघका थप तीन विषयगत समिति गठन

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गत थप तीन वटा विषयगत समितिले पूर्णता पाएका छन् । महासंघका अनुसार यसअघि आठ वटा समितिले पूर्णता पाइसकेकामा बैंक, फाइनान्स तथा बिमा समिति, मेला समिति र पर्यटन तथा हवाई यातायात समिति विस्तार भएका हुन् ।

महासंघको सचिवालय टेकुमा सोमबार आयोजित कार्यक्रममा कार्यवाहक अध्यक्ष सुरकृष्ण वैद्यले नवनियुक्त उपसभापति, सदस्य तथा सल्लाहकारलाई मनोनयनपत्र हस्तान्तरण गरे । उनले विषयगत समिति निजी क्षेत्रका समस्या, सम्भावना र आवश्यकताको पहिचान गर्ने महत्वपूर्ण संयन्त्रका रूपमा रहेका बताए ।

अध्यक्ष वैद्यले समितिलाई आफ्नो क्षेत्रसँग सम्बन्धित समस्या र नीतिगत विषयमा अध्ययन गरी महासंघमार्फत सरकारसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्न आग्रह गरे । निजी क्षेत्रको सशक्तीकरण, आर्थिक समृद्धि, नीति निर्माणमा सहजीकरण तथा लगानीमैत्री वातावरण निर्माणमा समितिको भूमिका महत्वपूर्ण रहने उनले विश्वास व्यक्त गरे ।

महासंघका वस्तुगत उपाध्यक्ष नरेशलाल श्रेष्ठले समिति महासंघका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने आधारका रूपमा रहेका बताउँदै सम्बन्धित क्षेत्रका व्यवसायीका समस्या पहिचान गरी समाधानका लागि प्रभावकारी पहल गर्न आग्रह गरे । कोषाध्यक्ष मनीषलाल प्रधानले निजी क्षेत्र, सरकार र सरोकार भएका निकायबीच समन्वय बढाउन समितिले सक्रिय भूमिका खेल्नुपर्ने बताए ।

बैंक, फाइनान्स तथा बिमा समितिका सभापति हेमन्त गोल्छाले बैंक तथा वित्तीय क्षेत्रमा सहज पहुँच, ब्याजदर स्थिरता, तरलता व्यवस्थापन र निजी क्षेत्रमैत्री नीति निर्माणमा समिति सक्रिय रहने बताए ।

## कर्पोरेट

### इन्फिनिटी लघुवित्तको क्षमता अभिवृद्धि तथा समक्षिा कार्यक्रम




**पोखरा (प्रस)–** इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत सुशासन, प्रभावकारी जोखिम व्यवस्थापन तथा कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धिको उद्देश्यसहित दुईदिने क्षमता अभिवृद्धि तथा समीक्षा कार्यक्रम सम्पन्न गरेको छ । पोखरामा हालै सम्पनन कार्यक्रम संस्थाका प्रमुख कार्यकारी अधिकृत ज्ञानीश्वर पन्तको सभापतित्वमा सम्पनन भएको थियो । उक्त कार्यक्रममा सञ्चालक समितिका अध्यक्ष विष्णु कुमार घिमिरे प्रमुख अतिथि तथा सञ्चालक रमेश कुमार र संस्थापक सेयरधनी दिनेश अधिकारी विशेष अतिथिका रूपमा सहभागी भएका थिए ।

कार्यक्रममा संस्थाका १०२ वटै शाखाका शाखा प्रमुख, अनुगमन अधिकृत, विभागीय प्रमुख तथा व्यवस्थापन तहका पदाधिकारीहरूको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि घिमिरेले जोखिम व्यवस्थापन, सुशासन र प्रभावकारी नेतृत्व नै संस्थागत सफलताका आधारस्तम्भ भएको उल्लेख गर्दै बदलिँदो वित्तीय परिवेशलाई आत्मसात् गर्दै रणनीतिक सोच, सामूहिक प्रयास र उत्कृष्ट कार्यसम्पादनका साथ संस्थालाई नयाँ उचाइमा पुर्‍याउनुपर्नेमा जोड दिए ।

त्यस्तै विशेष अतिथि दिनेश अधिकारीले यस्ता कार्यक्रमले कर्मचारीको ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धि गर्दै संस्थागत विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्दै सिकाइलाई व्यवहारमा उतारी सदस्यमैत्री, पारदर्शी र गुणस्तरीय सेवा प्रवाहमा जोड दिए । त्यस्तै प्रमुख कार्यकारी अधिकृत पन्तले संस्थाको दीर्घकालीन लक्ष्य र भिजन प्रस्तुत गर्दै जिम्मेवारी, अनुशासन र परिणाममुखी कार्यशैली मार्फत संस्थालाई अझ सशक्त बनाउन कर्मचारीलाई प्रेरित गरे ।

कार्यक्रममा शाखाहरूको समग्र कार्यसम्पादनको समीक्षा गर्दै विगतका उपलब्धि, देखिएका चुनौती, सुधार गर्नुपर्ने क्षेत्र तथा आगामी कार्यदिशाबारे विस्तृत छलफल गरिएको थियो । सो अवसरमा विभागीय प्रमुखहरूले जोखिम व्यवस्थापन, कर्जा तथा असुली व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन, प्रभावकारी सेवा प्रवाह, नेतृत्व विकास तथा शाखा व्यवस्थापनसँग सम्बन्धित विषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो । सहभागीहरूबीच भएको समूहगत छलफलबाट व्यवहारिक समस्या समाधान, सुधारका उपाय तथा भावी रणनीतिबारे साझा निष्कर्ष निकालिएको थियो ।

### लिट्मसको 'पावर पार्टनर्स मिट २०८३' सम्पन्न

**काठमाडौं (प्रस)–** नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादनमा अग्रणी लिट्मस इन्डस्ट्रिज लिमिटेडले आफ्नो चौथो 'पावर पार्टनर्स मिट २०८३' पोखरामा सम्पन्न गरेको छ । कार्यक्रममा देशभरबाट करिब २०० जना च्यानल पार्टनरहरूको सहभागिता रहेको कम्पनीले जनाएको छ । हरेक वर्ष आयोजना हुने यस कार्यक्रमले कम्पनी र यसको डिलर नेटवर्कबीचको सहकार्यलाई अझ सुदृढ बनाउने, साझा उपलब्धिहरूको सम्मान गर्ने तथा आगामी रणनीतिक योजनाबारे जानकारी आदानप्रदान गर्ने उद्देश्य राखेको थियो ।

कार्यक्रममा लिट्मस इन्डस्ट्रिजको पाँच दशकभन्दा लामो यात्रालाई समेटिएको प्रस्तुति गरिएको थियो । सो क्रममा कम्पनीको विकासक्रम, बजार नेतृत्व, उत्पादन क्षमता, महत्वपूर्ण उपलब्धि तथा भावी रणनीतिबारे जानकारी गराइएको थियो । साथै, अत्याधुनिक प्रविधि, निरन्तर नवप्रवर्तन तथा विश्वस्तरीय उत्पादन मापदण्डमार्फत उच्च गुणस्तरका उत्पादन उपलब्ध गराउने आफ्नो प्रतिबद्धतालाई कम्पनीले पुनः दोहोर्‍याएको छ ।




डिलर नेटवर्कको योगदानको कदर गर्दै कम्पनीले उत्कृष्ट कार्यसम्पादन गर्ने १२ जना डिलरलाई विभिन्न विधामा सम्मान गरेको छ । राइजिङ स्टार, पेमेन्ट एक्सिलेन्स तथा प्रतिष्ठित लिट्मस एक्सिलेन्स अवार्ड सहितका विभिन्न विधामा पुरस्कार प्रदान गर्दै उत्कृष्टता, विश्वास र दीर्घकालीन साझेदारीको सम्मान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै लिट्मस इन्डस्ट्रिजका प्रबन्ध निर्देशक रोहित गुप्ताले कम्पनीले गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने स्पष्ट पार्दै भने, 'लिट्मसका लागि गुणस्तर केवल प्राथमिकता होइन, हाम्रो ब्रान्डको आधार र प्रत्येक ग्राहकप्रति गरिएको प्रतिबद्धता हो । नेपालभर हाम्रो च्यानल पार्टनर नेटवर्कले हासिल गरेको उल्लेखनीय विस्तारप्रति हामी गौरवान्वित छौं । डिलरहरूको विश्वास र निरन्तर साथले हामीलाई नयाँ प्रविधि अपनाउन, उत्कृष्ट उत्पादन मापदण्ड कायम राख्न तथा नेपालको उज्ज्वल भविष्य निर्माणमा सँगै अघि बढ्न प्रेरित गरेको छ ।'

कम्पनीका अनुसार लिट्मस इन्डस्ट्रिजको सफलता आफ्ना साझेदारहरूसँगको बलियो र दीर्घकालीन सम्बन्धमा आधारित छ । 'पावर पार्टनर्स मिट २०८३' ले साझा मूल्य सिर्जना, नवप्रवर्तनलाई प्रवर्द्धन तथा नेपालको विद्युतीय र पूर्वाधार क्षेत्रको दिगो विकासमा योगदान पुर्‍याउने कम्पनीको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ ।

## बायोग्यास प्लान्ट पुनः सञ्चालनमा ल्याउन सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंको टेकुमा रहेको बायोग्यास प्लान्ट पुनः सञ्चालनमा ल्याउन काठमाडौं महानगरपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबीच सम्झौता भएको छ । महानगरका कार्यवाहक प्रमुख सुनिता डंगोलको उपस्थितिमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले सोमबार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सहरमा उत्पादित जैविक फोहर व्यवस्थापनलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सम्झौता गरिएको हो ।

'सहरमा उत्पादन हुने जैविक फोहरको दिगो व्यवस्थापनका लागि प्रविधिको प्रयोग बढाउने लक्ष्यसहित सम्झौता भएको छ । यो लक्ष्यमा पुग्न निर्धारित समयभित्रै काम पूरा हुने आशा राखेका छौँ', सम्झौतापछि कार्यवाहक प्रमुख डंगोलले भनिन्, 'पुनः स्थापना गर्नु मात्र महत्वपूर्ण उपलब्धि होइन । यसको दिगो सञ्चालन गर्नु र यसलाई सिकाइका रूपमा विस्तार गर्नु उपलब्धि हुनेछ । यो योजना सफल बनाएर सहरमा उत्पादन भएको फोहरलाई दिगो



व्यवस्थापनको प्रणालीमा हाम्रो प्रयास जारी छ ।'

केन्द्रका कार्यकारी निर्देशक ढकालले आवश्यक उपकरण, सामग्री तथा प्राविधिक सेवाबाट प्लान्ट सञ्चालनमा ल्याउने बताए । 'यसको अनुगमन र सुपरीवेक्षणपछि महानगरपालिकालाई हस्तान्तरण गर्नेछौँ', उनले भने, 'हरित जलवायु कोषअन्तर्गतका कार्यक्रममा महानगरपालिका र केन्द्रबीच सहकार्य हुन सक्छ ।'

यो प्लान्ट महानगरपालिकाको एकीकृत दिगो फोहर व्यवस्थापन परियोजनाअन्तर्गत विसं २०७२ मा निर्माण सुरु गरेर विसं २०७५ देखि सञ्चालन थालिएको थियो । प्लान्ट सञ्चालन गर्दा दैनिक तीन मेट्रिकटन जैविक फोहरबाट १४ किलोवाट बिजुली, ३०० किलो जैविक मल, १३ हजार ५०० लिटर पानी उत्पादन गर्ने लक्ष्य राखिएको थियो । यसका लागि महानगरपालिका र युरोपियन युनियनले एक करोड ८२ लाख रुपियाँ लगानी गरेका थिए ।

प्राविधिक कारणले सञ्चालन हुन नसकेको परियोजनालाई पुनः दिगो सञ्चालनमा ल्याउन गरिएको सम्झौताअनुसार महानगरपालिकाले प्लान्टको दीर्घकालीन सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने जनाएको छ ।

यस्तै, प्लान्ट सञ्चालनका लागि योग्य जनशक्ति वा सञ्चालक छनोट गरी व्यावसायिक ढाँचामा लैजाने, पुनः स्थापनापश्चात् संरचनाको पूर्ण स्वामित्व ग्रहण गर्ने गरी वातावरणमैत्री सञ्चालन सुनिश्चित गर्ने, फोहरलाई स्रोतका रूपमा प्रयोग गरी बायोग्यास र जैविक मल उत्पादनमार्फत 'चक्रीय अर्थतन्त्र'मा योगदान पुर्‍याउने जिम्मेवारी महानगरपालिकाको हुने बताइएको छ । परियोजना पुनरुत्थानका लागि केन्द्रले प्लान्टको विस्तृत सम्भाव्यता अध्ययन गर्नेछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ